जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com


बडा दशैंको आज सातौं दिन



माँ कालरात्रीको पूजा

एकवेणी जपाकर्णपुरा नग्ना खरास्थिता। लम्बोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी॥ वामपादोल्लसल्लोहलताकण्टकभूषणा। वर्धनमूर्धध्वजा कृष्णा कालरात्रिर्भयंकरी॥


वर्ष २६ • अंक १४३ • २०८१ साल आश्विन २३ गते बुधवार (9 October, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## आज बेलनौती



**टुडे समाचारदाता**

जनकपुरधाम । शारदीय नवरात्री अन्तर्गत बुधबार बेलनौती गरिने भएको छ।

बडादशैंको अवसरमा बुधबार राजदेवीलगायतका शक्तिपीठहरुको बेलनौती गर्ने कार्यक्रम रहेको छ।

हुन त तिथिको हेरफेरका कारण कतिपय ठाउँमा मंगलबार नै बेलनौती कार्यक्रम सम्पन्न भए पनि राजदेवीलगायतका शक्तिपीठहरुमा बुधबार बेलनौती हुने भएको छ।

पूजा स्थलबाट बाजागाजासहित नजिकको बेलको रुखमा चढेर एउटै हांगामा फलेको दुई बेललाई मिथिलामा बेलनौती गर्ने परम्परा रहँदै आएको छ।

वैदिक मन्त्रोच्चारणसहित निम्ता गरेर बाँधिएको बेलको फललाई पुनः अर्को दिन सो फल टिपेर पूजा स्थलमा भित्र्याइँने चलन रहेको छ। जसलाई मिथिलाञ्चलमा बेलतोडी पनि भन्ने गरिन्छ।

आचार्य सन्तोष पाण्डेयका अनुसार तिथि मितिको हेरफेरका कारणले गर्दा बेलनौती कार्यक्रम पनि प्रभावित भएको छ। घटबढ भएको तिथि अनुसार बुधबार मिथिलामा बेलनौती र बिहीबार बेलतोडी कार्यक्रम हुने भएको छ।

राजदेवी मन्दिरमा सोही अनुसार बेलनौती र बेलतोडी कार्यक्रम रहेको राजदेवी मन्दिरका पण्डित गणेश झाले बताए।

तिथि मितिकै घटबढका कारण यसपटक खोइँच भराइँ र बली प्रदान कार्यक्रम पनि हेरफेर भएको छ।

तिथि मिति हेरफेर भएसंगै भक्तजनहरुमा अन्योलतासमेत कायम भएको देखिएको छ।

राजदेवी मन्दिरमा बिहीबारदेखि नै खोइँच भराइँ कार्यक्रम हुने भएको छ। सोही दिनको बेलुकी देखि बोका बली प्रदानसमेत गरिने छ।

त्यस्तै विद्यापति चोक मुरलीसर स्थित दुर्गा मन्दिरमा खोइँच भराइँ कार्यक्रम शुक्रबार रहेको जनाइएको छ।

# वीरगञ्जमा कांग्रेस र एमाले आमने सामुने

## • मेयर सिंहमाथि कारबाही गरः कांग्रेस • लामिछानेमाथि कारबाही गरः एमाले

**अनिल तिवारी**

वीरगञ्ज । सत्ता गठबन्धनका मुख्य साझेदार नेपाली कांग्रेस र नेकपा एमाले वीरगञ्जमा आमने सामुने भएको छ। कांग्रेसले वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहमाथि कारबाहीको माग गरेको छ।

त्यस विरुद्ध एमालेले कांग्रेसका नेता सुदर्शन आचार्यमाथि कारबाहीको माग गरेको छ। एमालेले वडा सदस्यमाथि संघातिक आक्रमण गर्ने लामिछानेमाथि पनि कारबाही हुनुपर्ने माग गरेका छ। लामिछाने वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १७ का बुथ समिति सभापति हुन्।

वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १७ मा डुबानमा परेका स्थानीयहरुले पानीको मुहान खोलाउन पहल गर्न महानगरपालिकालाई गुहारेपछि विवाद चर्किएको छ।

नेपाली कांग्रेस पर्साले वीरगञ्ज महानगरपालिकाका मेयरमाथि कारबाहीको माग गरेको छ। मंगलबार विज्ञप्ति जारी गर्दै स्थानीय प्रशासनसंग मेयर राजेशमान सिंहलाई कारबाही गर्न माग गरिएको हो। कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेले जारी गरेको विज्ञप्तिमा मेयर सिंहमाथि कारबाही गर्न स्थानीय प्रशासनसंग माग गरिएको हो।

'पानीको निकासको विषयलाई लिएर महानगरपालिकाको वडा नम्बर १७ अलौंमा मेयर राजेशमान सिंहको नेतृत्वमा पुगेको टोलीले स्थानीय कांग्रेसीजनसंग गरेको दुर्व्यवहार र कुटपिटको घटनाको भर्त्सना गर्दछु' विज्ञप्तिमा अगाडि भनिएको छ, 'घटनाको निष्पक्ष छानबिन गरिनु पर्छ।'

प्रवक्ता पाण्डेद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाली कांग्रेसका नगर वडा समितिका सभापति शिवओम लामिछानेसंग हातपात गरी बुजुर्ग नागरिकमाथि अभद्र व्यवहार गरिएको र उनको छोरा सुदर्शन लामिछानेलाई नगर प्रहरीले अराजक शैलीमा कुटपिट गरी घाइते बनाएको घटनाप्रति नेका पर्सा घोर निन्दा गर्नुका साथै खेद प्रकट गर्दछ।'



अतः घटनाको निष्पक्ष छानबिन गरी दोषिमाथि कारबाही गर्न स्थानीय प्रशासनसंग जोडदार माग विज्ञप्तिमा गरिएको छ। नेपाली कांग्रेस पर्साका जिल्ला सभापति जनार्दन सिंह क्षेत्रीका नातेदार र पुरानो कांग्रेसी घरानीया लामिछाने परिवार माथि मेयर सिंहले गरेको दुर्व्यवहारको घटनाले नेपाली कांग्रेस पर्सामा आक्रोश बढ्दै गएको छ।

वडा नम्बर १७ मा सोमबार भएको घटनालाई लिएर मुलुककै आर्थिक लाइफलाइनको रुपमा रहेको अलौंमा अवस्थित आईसीपी भन्सार कार्यालय (सुख्खा बन्दरगाह) अगाडि मंगलबार स्थानीयले टायर बालेर विरोध प्रदर्शन समेत गरे।

कांग्रेसले गरेको मागको विपरीत एमालेले कांग्रेसका नेता लामिछानेमाथि कारबाही गर्नुपर्ने माग गरेको छ। एमालेले मंगलबार जारी गरेको विज्ञप्तिमा सबै समस्याको समाधान छलफलबाट गर्न माग गरिएको छ।

एमालेका महानगर समतिका सचिव सुन्दर प्रसाद कुर्मीले विज्ञप्ति जारी गर्दै वडा सदस्य आमोद यादवमाथि सुदर्शन लामिछानेले गरेको संघातिक आक्रमणको घोर भर्त्सना गरेका छन्।

सो विज्ञप्तिमा यादवमाथि आक्रमण गर्नेहरुलाई अबिलम्ब पक्राउ गरी आवश्यक कारबाही गर्न माग गरिएको छ। मेयर सिंहले पानीको मुहान खोलाउन चासो लिएर स्वयं जाँदा लामिछाने लगायतका व्यक्तिहरुले आक्रमण गरेको सचिव कुर्मीले जनाएका छन्। डुबानमा परेकाहरुको समस्या समाधानका लागि पहल गर्दा आक्रमण गर्नु दूर्भाग्यिपूर्ण रहेको उनले बताएका छन्।

प्रहरीले नियन्त्रणमा लिएका सबै चारै जनालाई सोमबार अबेर राति नै रिहा गरिसकेको छ। दशैंको बीच आइसकेकाले तत्कालका लागि विवाद मत्थर भए पनि दशैं लगत्तै चर्किने सम्भावना छ।

कांग्रेसले मेयर सिंहमाथि कारबाही नगरिए दशैंपछि गृहमन्त्री रमेश लेखक समेतको पुत्ला दहन गर्दै आन्दोलन चर्काउने बताएको छ।

स्थानीय चुनावमा कांग्रेस र जनता समाजवादी पार्टी(जसपा)नेपाल संयुक्त रुपमा चुनाव लडेको थियो। मेयर सिंह हाल जसपा नेपाल छाडेर हाल जनता समाजवादी पार्टी(जसपा)रोजेका छन्। उनलाई एमालेले साथ दिंदै आएको छ।

नागरिकता सम्बन्धी मुद्दामा पनि एमालेले मेयर सिंहलाई बचाउ गर्दै आएको छ। कांग्रेसले मेयर सिंहमाथि नागरिकता किर्ते मुद्दामा कारबाही गर्नुपर्ने आन्दोलन नै चलाएको छ। तर प्रहरीले सो मुद्दालाई अगाडि बढाएको छैन।

मेयर सिंहको बचाउ र समर्थनमा कांग्रेस र एमाले आमने सामुने भएपछि दशैंपछि विवाद फेरि चर्किने बताइन्छ।

डुबानमा परेकाहरुको समस्या समाधान हुन सकेको छैन। तर कांग्रेस र एमालेले डुबानलाई ओझेलमा पारेर मेयरमाथि र लामिछानेमाथि कारबाहीको माग लिएर अगाडि आएका छन्।







# सिन्धुलीमा गाडी दुर्घटना यसरी भएको थियो

कमलामाई । खोटाङको हलेसी तुवाचुङ नगरपालिका-१ जयरामघारका कान्छा कार्कीले नयाँ गाडी किनेर चलाउन थालेको महिना दिन पनि पुगेको थिएन । गत भदौ ३० गते रु ६५ लाखमा किनेको गाडी सोमबार दुर्घटनामा पऱ्यो ।

काठमाडौँबाट ३९ यात्रु बोकेर भोजपुरतर्फ जान 'लागेको गाडी मदन भण्डारी राजमार्गअन्तर्गत सिन्धुलीको हरि हरपुरगढी गाउँपालिका-५ महेन्द्रझ्याडीस्थित भलखाडामा अचानक पल्टियो । घटनास्थलमा कोलाहल मच्चियो । गाडीभित्र रहेकाहरु कोही बचाऊ ! बचाऊ ! त कोही रुवाबासी गर्न थाले । दुर्घटनाका प्रत्यक्षदर्शीले घटनास्थल नजिक रहेको महेन्द्रझ्याडी प्रहरी चौकीलाई खबर गरे । घटनास्थल नजिक रहेका प्रहरी १० मिनेटको अन्तरालमा घटनास्थल पुगे । प्रहरी र स्थानीय नागरिकले उनीहरुको उद्धार गरेका थिए ।



जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक अनिलकुमार खड्का तथा सशस्त्र प्रहरी बल, सिन्धुलीका प्रहरी नायब उपरीक्षक बलराम प्रसाईंको नेतृत्वमा गएका सुरक्षाकर्मीले उद्धारमा सघाएका थिए । घटनास्थलमै पुगुभएका सिन्धुलीका प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेका अनुसार बागमती प्रदेश ०१-००६ ख ६७८५ नम्बरको रोयल भोजपुरको बस पल्टिँदा दुई जनाको घटनास्थलमै मृत्यु भयो ।

साङ्ग्रिला विकास बैंकको एटिएम र गाडी टिकटका आधारमा हतुवागढी गाउँपालिका-१ भोजपुरका २६ वर्षीय मृतक बुद्धिमान तामाङको पहचान खुल्यो । अर्का मृतकको पहिचान भने खुल्न सकेको छैन । मृतक दुवैको शव सिन्धुलीमाडीस्थित सिन्धुली अस्पतालमा राखिएको छ । गाडी दुर्घटनामा परेका २३ घाइतेलाई सिन्धुली अस्पतालमा ल्याइएको थियो । घाइतेमध्ये गम्भीर घाइते भएका १० जनालाई बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा थप उपचारका लागि पठाइएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिनुभयो । सामान्य घाइते १० जना उपचारपछि घर फर्किएका छन् ।


तीन यात्रु सिन्धुली अस्पतालमा उपचाररत छन् । अन्य घाइतेको प्राथमिक स्वास्थ्य केन्द्र, कपिलाकोटलगायत स्वास्थ्य संस्थामा उपचार भइरहेको छ । गाडीमा सवार धेरैजसो यात्रु खोटाङका भएको बताइएको छ । गाडी मालिक ४६ वर्षीय कान्छा कार्की आफू निन्द्रामा रहेकाले गाडी दुर्घटना हुनुको कारण थाहा नभएको बताउनुहुन्छ । हात र कम्मरमा चोट रहेका कार्कीका १२ वर्षीय छोरा वसन्त, दुई छोरीहरु २० वर्षीया गीताञ्जली र २१ वर्षीया पुष्पाञ्जलीसँगै उहाँको अस्पतालमा उपचार भइरहेको छ ।

तीव्र गतिका कारण गाडी दुर्घटना भएको हुनसक्ने गाडीमा सवार भोजपुर नगरपालिका-६ भँगेरीका ४० वर्षीय प्रमेश दाहालले बताउनुभयो । उहाँले भन्नुभयो, "काठमाडौँबाट हेटौँडा बजारसम्म आउँदा सडकमा गाडीको चाप थियो, विस्तारै आयौँ । हेटौँडा बजारमा खाना खाएर मदन भण्डारी राजमार्ग प्रवेश गरेपछि सडक खुला रहेछ, सवारीसाधन त्यत्ति चलेका थिएनन् । चालकले गाडीको गति बढाउनुभयो ।"

उदयपुरका ४० वर्षीय रमेश दनुवारले गाडी चलाउनुभएको थियो । उहाँलाई उपचारका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान प्रहरी उपरीक्षक काफ्लेले बताउनुभयो । बस दुर्घटनाबारे प्रहरीले अनुसन्धान थालेको छ । गाडीमा सवार यात्रुका अनुसार सोमबार दिउँसो ३ बजे आसपासतिर सिन्धुलीको हरि हरपुरगढी गाउँपालिका-५ महेन्द्रझ्याडीस्थित भलखाडा (द्वारखोला पुल नजिक) मा पल्टेको गाडी काठमाडौँको चाबहिलबाट सोमबार बिहान ४ बजे हिंडेको थियो ।रासस

# आउँदो तीन महिनाको हावापानी आकलन : पाँच प्रदेशमा सरदरभन्दा बढी वर्षा हुने

काठमाण्डु । जल तथा मौसम विज्ञान विभागले यही असोज १५ देखि पुस १६ गतेसम्म (अक्टोबरदेखि डिसेम्बर २०२४)को अवधिको हावापानी आकलन सार्वजनिक गरेको छ ।




विभागले सोमबार सार्वजनिक गरेको आकलनअनुसार कोशी, मधेस, बागमती, गण्डकी प्रदेशका दक्षिण-पूर्वी भूभाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने अनुमान गरेको छ । कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदुरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना रहेको छ ।

अधिकतम तापक्रम देशका अधिकांश भू-भागमा सरदरभन्दा बढी हुने र न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको आकलन सार्वजनिक गरिएको विभागकी सूचना अधिकारी एवं मौसमविद् विभूति पोखरेलले जानकारी दिनुभयो ।

**वर्षाको आकलन**

कोशी, मधेश, बागमती, गण्डकी प्रदेशका दक्षिण-पूर्वी भाग र लुम्बिनी प्रदेशका पूर्वी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाइएको छ ।

कोशी प्रदेशको उत्तरी भाग, मधेश प्रदेशको पश्चिमी भाग र बागमती प्रदेशको पूर्वी तथा दक्षिणी भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत छभने कोशी प्रदेशको दक्षिणी भू-भाग, मधेस प्रदेशको पश्चिमी भाग, बागमती प्रदेशको उत्तर-पश्चिम भाग र गण्डकी प्रदेशको दक्षिण-पूर्वी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको छ ।

त्यसैगरी कर्णाली प्रदेशका मध्य तथा उत्तरी भाग र सुदूरपश्चिम प्रदेशका उत्तरी भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत र देशका बाँकी भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत नै रहेको विवरणमा उल्लेख छ ।

**अधिकतम तथा न्यूनतम तापक्रम**

यस्तै देशका अधिकांश स्थानमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना छ । बागमती प्रदेशको मध्य तथा दक्षिणी भाग, मधेस प्रदेशको पश्चिमी भाग, गण्डकी प्रदेशको मध्य तथा पश्चिमी भाग, लुम्बिनी प्रदेशका मध्य तथा पूर्वी भाग र कर्णाली प्रदेशको पूर्वी तथा उत्तरी भागमा अधिकतम तापक्रमा सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।

कोशी प्रदेशका मध्य भाग, मधेस प्रदेशका पूर्वी भाग र बागमती प्रदेशका उत्तरी भागमा अधिकतम तापक्रम सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छभने बाँकी भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ ।न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना छ । सुदूरपश्चिम, कर्णाली प्रदेशका पश्चिमी भाग र लुम्बिनी प्रदेशका पश्चिमी भागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

त्यसैगरी कर्णाली प्रदेशका पूर्वी भू-भाग, लुम्बिनी प्रदेशका मध्य भाग, गण्डकी प्रदेशका मध्य तथा उत्तरी भाग, बागमती प्रदेशको अधिकांश भाग, मधेस प्रदेशका पूर्वी भाग र कोशी प्रदेशमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छभने बाँकी भू-भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जानकारी गराएको छ ।रासस

# क्षतिग्रस्त सडक सञ्चालन अभियानमा सेना

काठमाण्डु । नेपाली सेनाले क्षतिग्रस्त सडक मर्मत गरी पुनः सञ्चालन गर्ने अभियान थालेको छ ।

यही असोज दोस्रो साता परेको अविरल वर्षासँगैको विपद्बाट क्षतिग्रस्त राजमार्ग, रणनीतिक महत्वको पक्की पुल र ग्रामीण सडक मर्मत गर्न छ हजार सकल दर्जा खटिइरहेको नेपाली सेनाका प्रवक्ता सहायक रथी गौरवकुमार केसीले बताउनुभयो ।




जल तथा मौसम विज्ञान विभागको अनुमानसँगै सेनाले १४ हजार जनशक्ति विपद् प्रतिकार्यमा खटाउन तयार गरेको थियो । विपद् प्रभावित जिल्लाहरु काठमाडौँ, ललितपुर र भक्तपुरसँगै काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, मकवानपुर, सिन्धुली, रामेछाप र पाँचथरमा तत्काल खोज तथा उद्धारमा जुटेको उहाँले जानकारी दिनुभयो । बिपी राजमार्ग, अरनिको राजमार्ग, मध्यपहाडी लोकमार्ग, त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलगायतका राजमार्ग तथा ग्रामीण सडक, दुई जिल्ला जोड्ने पक्की पुल निर्माण गरी यातायात सञ्चालन गर्न सेनाका प्राविधिकसहितका जनशक्ति खटिएका छन् ।

"मुख्य जिम्मेवारीका रुपमा खुर्कोटस्थित सुनकोसी नदीमा 'बेलीब्रिज' राख्ने तथा रोशी खोला करिडोरअन्तर्गत बिपी राजमार्गको ठाउँठाउँमा क्षतिग्रस्त सडकको विस्तृत अध्ययनका लागि सेनाका प्राविधिकले सडक विभागको टोलीलाई सहयोग पुऱ्याएको छ", सहायक रथी केसीले भन्नुभयो । सेनाकै पहलमा कान्ति राजपथका पहिरो पन्छाएर सोमबार साँझदेखि यातायात सञ्चालनमा आइसकेको छ ।

"पहिलो चरणमा खोज, उद्धार र राहतका काम सम्पन्न भएसँगै प्राथमिकता निर्धारण गरी पुनःनिर्माण र पुनःस्थापनामा सङ्गठनले जनशक्ति खटाइरहेको छ", प्रवक्ता केसीले भन्नुभयो । सेनाभित्र विपद् व्यवस्थापनका लागि सहायक रथीको नेतृत्वमा विपद् व्यवस्थापन निर्देशनालय र मातहत काठमाडौँको सुन्दरीजल र चितवनमा गरी दुई वटा गण क्रियाशील छन् । यसवर्षको बाढीपहिरोबाट भएको क्षति र प्रतिकार्यमा देखिएका कमिकमजोरीबाट पाठ सिक्दै विपद् पूर्वतयारी र प्रतिकार्यलाई थप प्रभावकारी तुल्याउन नयाँ रणनीति आवश्यक रहेको सरोकारवालाको भनाइ छ ।रासस

# नेपाल सहकारीद्वारा मन्दिरलाई सहयोग




**टुडे समाचारदाता**

राजविराज । राजविराजको मुटुमै रहेको प्रसिद्ध श्रीचण्डी दुर्गा भगवती मन्दिरलाई एक सहकारी संस्थाले दान पेटिका तथा फोहर व्यवस्थापनका लागि डस्टबिनलगायतका विभिन्न सामग्री प्रदान गरेको छ ।

नेपाल सहकारी संस्था लिमिटेडले मंगलबार एक कार्यक्रमबीच सो सामग्री मन्दिर समितिलाई प्रदान गरेको छ । मन्दिर समितिलाई उपलब्ध गराइएको सामग्रीहरुमा दुई थान स्टिलको दान पेटिका र दुई थान डस्टबिन छन् ।

नेपाल सहकारीका अध्यक्ष शत्रुहन प्रसाद गुप्ताले उक्त सामाग्रि मन्दिर समितिका संयोजक रामानन्द देव र वडा अध्यक्ष शुभाषचन्द्र यादवलाई हस्तान्तरण गरेका थिए ।

चाडपर्वको बेला श्रद्धालु भक्तजनबाट प्राप्त हुने दान दक्षिणा तथा मन्दिर परिसरमा हुने फोहर व्यवस्थापनका लागि सामाजिक उत्तरदायि अन्तरगत संस्थाबाट सानो सहयोग गरिएको अध्यक्ष गुप्ताले बताए ।

सो अवसरमा संस्थाका व्यवस्थापक शंकर प्रसाद साह, संस्थाका कर्मचारी, मन्दिर पुजा समितिका पदाधिकारी तथा अन्य व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# छतमा यात्रु बोक्नेलाई २० हजारसम्म जरिवाना

मलेखु । जोखिमपूर्ण तरिकाले निर्वाध रुपमा यात्रु ओसारपसार गर्ने रातो नम्बर प्लेटका सवारीसाधनलाई जिल्ला प्रशासन कार्यालय धादिङले धमाधम कारबाही गरेको छ ।

यात्रु बोक्ने अनुमति नभएको सवारीसाधनले छतमा खचाखच यात्रु बोक्नेक्रम बढ्दै गएपछि स्थानीय प्रशासनले कारबाहीलाई कडाइ गरेको हो । खाद्यान्न तथा अन्य सामानले भरिभराउ भएका जिपमा जोखिमपूर्ण ढङ्गले यात्रु चढाएर सदरमुकामबाट ग्रामीण भेगतर्फ जाँदै गरेका र ग्रामीण भेगबाट सदरमुकाम आउँदै गरेका जिपलाई बीच बाटोमै रोकेर रु २० हजारसम्म जरिवाना गराइएको छ । पटकपटक सचेत गराउँदा पनि अटेर गरेकाले ती सवारीसाधनलाई कारबाही गर्नुपरेको धादिङका प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले बताउनुभयो ।



प्रमुख जिल्ला अधिकारी घिमिरेका अनुसार यातायात व्यवसायी, सवारी चालक र सरोकारवाला निकायका प्रतिनिधिलाई राखेर सवारी सञ्चालनका विषयमा पटकपटक जानकारी गराउँदा पनि कुनै सुधार नदेखिएपछि गलत ढङ्गबाट चलिरहेका रातो नम्बर प्लेटका बोलेरो जिपहरु कारबाहीमा परेका हुन् ।

केही दिनयता प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकसमेत फिल्डमा खटिएर बजार तथा यातायात अनुगमनलाई तीव्र पारेको छ । अनुगमन टोलीले उपभोक्ताको हितविपरीत देखिएका सबै गतिविधिको निरीक्षण गरी कारबाहीगर्दैआएकोछ।अनुगमनका क्रममा रातो नम्बर प्लेटका सवारीसाधनले यात्रु बोकेको फेला पारेपछि र यात्रुवाहक सवार ीसाधनमा सिट क्षमताभन्दा बढी यात्रु चढाएको भेटिएपछि यात्रु ओरालेर गाडी नियन्त्रणमा लिने गरिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले जानकारी दिनुभयो । सदरमुकाम धादिङबेंसीबाट ज्वालामुखी गाउँपालिकाको मैदीतर्फ जाँदै गरेको दुई जिपलाई रु २०/२० हजार जरिवाना गरिएको छ । क्षमताभन्दा धेरै यात्रु चढाएर असुरक्षित यात्रा गराएको भन्दै प्रदेश ३-०१-०२४ च ६८३९ र ग २ च ९०५३ नम्बरको बोलेरो जिपलाई नियन्त्रणमा लिइ जरिवाना तिराएर छोडिएको अनुगमन टोलीका सदस्य एवं उद्योग वाणिज्य कार्यालय धादिङका प्रमुख चूडामणि पुरीले जानकारी दिनुभयो । चालकसहित पाँच जना चढ्न मिल्ने सिट भएको जिपमा २० जनाभन्दा बढी यात्रु चढाएको भेटिएपछि ती जिपलाई नियन्त्रणमा लिएर कारबाही गरिएको उहाँले जानकारी दिनुभयो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम **जलेश्वर** नगरपालिका वडा नम्बर १ स्थित हटियामा बिक्री गर्न राखिएका दुर्गा पूजाका सामग्री। *तस्बिरः रासस*

# मेलम्चीको पानी काठमाडौँ ल्याइयो

काठमाण्डु । मेलम्चीको खानेपानी मंगलबारै काठमाडौँको सुन्दरीजल ल्याइएको छ । खानेपानीमन्त्री प्रदीप यादव र मेलम्ची सङ्घर्ष समितिबीच वार्ता सफल भएपछि मंगलबारै मेलम्चीबाट पानी काठमाडौँ ल्याइएको हो ।

खानेपानीमन्त्री यादव र मेलम्ची सङ्घर्ष समितिबीच सोमबार राति भएको वार्तामा काठमाडौँमा पानी पठाउने विषयमा सहमति भएको थियो । उक्त सहमतिपश्चात् मंगलबार मेलम्चीको पानी सुन्दरीजलमा ल्याउने तयारी गरिएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक ई रत्नप्रसाद लामिछानेले राससलाई जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौँमा मेलम्चीबाट पानी पठाउने विषयमा खानेपानीमन्त्री र सङ्घर्ष समितिबीच सहमति भएको छ । मंगलबारै मेलम्चीको पानी सुन्दरीजल ल्याउने तयारी हुँदै छ ।" दसैँ अगाडि काठमाडौँवासीलाई मेलम्चीको पानी उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएका मन्त्री यादवसहितको टोली वार्ताका लागि सोमबार मेलम्ची पुगेको थियो ।



वार्तापछि बाढीपीडित सङ्घर्ष समितिबाट आन्दोलनका सबै कार्यक्रम हाललाई स्थगन गर्ने र काठमाडौँ उपत्यकामा पानी पठाउन मेलम्ची खानेपानी विकास समितिलाई सहयोग गर्ने सहमति भएको थियो । सुरुङभित्र पानी पठाएपछि पानी मंगलबारै काठमाडौँ आइपुगेर वितरण प्रणालीमा जोडिने कार्यकारी निर्देशक लामिछानेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मेलम्ची खानेपानी विकास समितिले काठमाडौँ पानी ल्याउन पहिलेदेखि तयारी गरेकाले पानी ल्याउन छिटो हुनेछ ।" विसं २०७८ असार १ गते तथा साउन १६ र १७ गतेको बाढीले मेलम्ची खानेपानी आयोजनाको संरचनामा क्षति गरेपछि काठमाडौँमा हिउँदयाममा पानी ल्याउने र बर्खामा सुरुङ बन्द गर्ने गरिएको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ। मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी आपूर्ति हुने गरेको छ ।रासस

# चित्तल मार्ने समूहका लामा पक्राउ

चितवन । यहाँस्थित पञ्चकन्या सामुदायिक वन अगाडि रत्ननगर नगरपालिका-११ शीतल टोलमा दुईवटा चित्तल मारेर बोरामा लैजान लागेका एक जनालाई पक्राउ गरिएको छ ।



डिभिजन वन कार्यालय चितवनका सूचना अधिकारी देवी पौडेलका अनुसार कालिका नगरपालिका-६ घर भई वडा नम्बर ३ मा बसोबास गर्दै आएका ३१ वर्षीय उज्वल लामा पक्राउ परेका हुन् । निजको साथमा रहेको बोराभित्र दुईवटा मृत चित्तल राखेको भेटिएको थियो । पौडेलका अनुसार चित्तल गोली हानेर मारिएको हो ।

पक्राउ परेका लामासँगै अन्य चार मोटरसाइकल फेला परेको छ । उनीसँगै आएका मोटरसाइकलमा सवार केही व्यक्ति फरार भएका छन् । निजहरुले गोली हानेर चित्तल मारेको सूचनाको आधारमा सोमबार इलाका प्रहरी कार्यालय रत्ननगर, डिभिजन वन कार्यालय, सशस्त्र वन रक्षक टोली र पञ्चकन्या सामुदायिक वनको संयुक्त टोलीले निजलाई पक्राउ गरेको हो । रासस

# दशहरा पर्वको छैटौँ दिन 'बेलनौत' सम्पन्न

महोत्तरी । मधेसको प्राचीन मिथिला क्षेत्रमा दसैँ पर्वलाई ' दशहरा' भनिन्छ । शारदीय नवरात्र पनि भनिने यस पर्वको छैटौँ दिन मंगलबार मिथिलामा 'बेलनौत' विधि सम्पन्न गरिएको छ । नवरात्रको छैटौँ दिन अर्थात् षष्ठी तिथिका दिन यो विधिको परम्परा छ । पर्वका अवसरमा माटो मुछेर बनाइएका देवी दुर्गाका प्रतिमाका आँखा उघार्ने प्रयोजनका लागि 'बेलनौत' विधि आयोजन गरिने पुरानो मैथिल परम्परा हो ।

मिथिला क्षेत्रमा दशहारा (बडादसैँ) पर्वमा माटो मुछेर बनाइएका देवी प्रतिमाका आँखा सप्तमीका दिन खोल्न (उघार्न) बेल (फल)को भेट्नो प्रयोग गरिने परम्परा छ । यसका लागि एक दिनअघि षष्ठी तिथिका दिन मध्याह्नपछि देवी प्रतिमास्थलबाट बाजागाजासाथ बस्ती नजिकको बेलको रुखमा चढेर एउटा बेल फललाई रातो रुमालले बाँध्ने विधिलाई मिथिलामा 'बेलनौत' भन्ने गरिन्छ । आज षष्ठीका दिन यही



विधि उल्लासमय वातावरणमा सम्पन्न गर्न हिन्दू मैथिलले तयारी गरेका छन् ।

षष्ठीका दिन वैदिक मन्त्रोच्चारणसहित निम्ता गरेर बाँधिएको बेलको फल भेट्नुसहित सप्तमीका दिन बिहानै टिपेर सोही फलको भेट्नुले प्रतिमाको आँखा कोट्याएर उघार्ने गरिन्छ ।

देवी प्रतिमाको आँखा उघार्न शास्त्रले पवित्र मानेको बेल फलको भेट्नो प्रयोग गर्ने परम्पराअनुसार सो प्रयोजनका लागि बेलको फललाई निम्ता गर्ने भाव यो विधिमा रहेको मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता बताउँछन् । मिथिलामा आँखा उघारिएपछि प्रतिमा पूर्ण सजीव भएको मानिने बर्दिबास-२ का बासिन्दा मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता दिनेश झा बताउनुहुन्छ ।

सप्तमीका दिन एक दिनअघि निम्ता गरिएको बेलको फल भेट्नोसहित टिपेर ल्याई पुरोहित ब्राह्मणले भेट्नोले खोम्रेर प्रतिमाको आँखा उघारिदिएपछि मात्र देवी प्रतिमा सर्वसाधारणको दर्शनका लागि खुला गरिन्छ । सप्तमीका दिन बिहान एक दिनअघि निम्ता गरिएको बेल टिप्न पनि बाजागाजासाथ पुग्ने चलन छ । बेल टिप्ने यो विधिलाई 'बेलतोडी' भनिने गरिएको मैथिल परम्पराका जानकार महोत्तरीको जलेश्वर नगरपालिका-४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक ८० वर्षीय कृष्णचन्द्र झा बताउनुहुन्छ ।

दशहरा पर्वका अवसरमा मिथिला क्षेत्रका बस्ती-बस्तीमा जसो देवी प्रतिमा बनाइएका छन् । 'बेलनौत' विधि सम्पन्न गरिने तयारीमा मिथिलाका बासिन्दा जुटेसँगै पर्वको चहलपहल निकै बढेको छ । पर्वविशेषमा माटो मुछेर बनाइएका प्रतिमाबाहेक अघिदेखि नै काठ वा धातुका देवी प्रतिमाका लागि आँखा उघार्न आवश्यक नभएकाले त्यस्ता प्रतिमास्थलमा 'बेलनौत' विधि आवश्यक नरहेको मिथिला संस्कृति परम्पराका ज्ञाता बताउँछन् ।

यद्यपि यस्ता मन्दिरमा पनि निम्ता गरिएको बेल फल टिपेर ल्याई देवी प्रतिमा नजिक राख्ने चलन छ। पर्व विशेषमा बनाइएका देवी प्रतिमा विजयादशमीका दिन धार्मिक महत्वका नदी वा गहिरो तलाउमा विसर्जन गरिने परम्परा छ । यसलाई मिथिलामा मूर्ति भसाउने भनिन्छ ।रासस

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीलाई अनुमति प्रदान

काठमाण्डु । पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्ले देशभर १० हजार ६५३ व्यवसायीलाई व्यवसाय सञ्चालनको अनुमति प्रदान गरेको छ ।

पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा कार्यरत आधारभूत तहका प्राविधिक जनशक्तिदेखि विषय विज्ञसम्मका जनशक्तिलाई दर्ता र नियमन गर्ने परिषद्ले सरकारले तोकेको मापदण्डानुसार प्रक्रिया पूरा गरेका व्यवसायलाई अनुमति दिएको रजिस्ट्रार पूर्णबहादुर बुढाले जानकारी दिनुभयो ।

पशु स्वास्थ्य तथा पशु सेवा क्षेत्रमा कार्यरत सम्पूर्ण जनशक्ति जस्तै पशुपन्छी, मत्स्य र दुग्ध विज्ञानसम्बन्धीका जनशक्ति परिषद्मा दर्ता हुने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। परिषद्मा दर्ता नभई पशु स्वास्थ्य तथा पशु सेवाका कुनै पनि व्यवसाय गर्न नपाइने र दर्ता नभई व्यवसाय सञ्चालन गरेमा व्यवसायीलाई कसुर गरेको मानिनेछ। कसुरको मात्रा हेरी रु ५० हजार जरिवाना वा छ महिना कैद तथा दुवै सजाय परिषद्ले गर्नेछ।

परिषद्ले दर्ता नभएका व्यवसायीलाई परीक्षा लिएर दर्ता गर्ने, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको दर्ता र नियमन गर्ने, राष्ट्रिय स्तरको मापदण्ड तयार गरी कार्यान्वयन गराउने, व्यवसायीलाई अनुगमन गर्ने, मापदण्ड पालना नगर्ने व्यवसायीको दर्ता खारेज गर्ने, व्यवसायीको एकीकृत अभिलेख सङ्कलन तथा अद्यावधिक गर्ने, व्यवसायीलाई तालिमको व्यवस्था गर्ने जनाएको छ।






रजिस्ट्रार बुढाले परिषद्मा दर्ता नभएका व्यवसायीलाई छिट्टै दर्ता गरी पशुपालन गर्ने किसानलाई गुणस्तरीय सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो।

प्रमुख उद्देश्यका साथ सङ्घीय संसद्बाट पारित ऐन विसं २०७९ असोज २३ गते राष्ट्रपतिबाट प्रमाणीकरण भई पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन जारी भएको थियो । सो ऐनअन्तर्गत रहेर विसं २०८० कात्तिक १६ गते मन्त्रिपरिषद् बैठकले परिषद् गठन गरेको हो ।

ऐनको परिधिभित्र रहेर प्रदेश कानुन बनाउने र सो कानुनले तोकेको निकायले समेत प्रदेशस्तरमा जनशक्ति दर्ता हुने प्रावधान ऐनमा राखिएको छ ।रासस

# बाढीपहिरोबाट काभ्रेमा ४२ करोड बढीको क्षति

काभ्रेपलाञ्चोक । हालैको बाढीपहिरोले काभ्रेपलाञ्चोकको ११ हजार ६ सय ८० रोपनी क्षेत्रफलमा लगाएको बालीमा क्षति पुगेको भएको छ । बाढीपहिरोले जिल्लाका १३ वटै स्थानीय तहमा उक्त क्षेत्रफलमा लगाइएको धान, मकै, आलु, तरकारीलगायत अन्य बालीमा क्षति पुगेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।



जिल्लामा ७ हजार २ सय परिवारले लगाएको बालीको प्रारम्भिक क्षतिको अनुमान अनुसार रु ४२ करोड ६३ लाख रहेको उक्त कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले जानकारी दिनुभयो । सबैभन्दा धेरै पनौती नगरपालिकामा रु ९ करोड ४१ लाख, धुलिखेल नगरमा रु ५ करोड ४८ लाख बराबरको क्षति भएको छ।

उक्त कार्यालयले सार्वजनिक गरेको कृषि क्षतिको विवरणअनुसार छ सय ६९ दशमलव आठ हेक्टर क्षत्रफलको धान, ३० हेक्टरको मकैबाली तथा चार सय २७ दशमलव ७९ हेक्टर क्षेत्रफलको अन्य कृषि बालीमा क्षति पुगेको जनाइएको छ। यस्तै दुई हजार नौ मेट्रिकटन धान, ८४ मेट्रिकटन मकै, चार हजार दुई सय मेट्रिकटन तरकारी तथा अन्य बालीमा गरी कुल छ हजार तीन सय ७१ मेट्रिकटनमा अनुमानित गिरावट आउने उल्लेख गरिएको छ।

यसैबीच जिल्लामा बाढीपहिरोबाट करिब चार हजार पशुपन्छी हताहत भएका अनुमान गरिएको छ। सबैभन्दा धेरै पनौती नगरमा २ हजार १०० पशुपन्छी मरेका छन् । जिल्लास्थित पशु सेवा कार्यालयका निमित्त प्रमुख निशान्त गेलालका अनुसार जिल्लाका १३ वटै तहबाट तथ्याङ्क सङ्कलन जारी छ । जिल्लाका सबै भागमा सञ्चार सम्पर्क कायम नभएका कारण यकीन विवरण प्राप्त हुन केही दिन लाग्ने उहाँले बताउनुभयो।

बाढीपहिरो र डुबानबाट अतिप्रभावित तीन दर्जनभन्दा बढी स्थानीय तहलाई राहत तथा पुनर्निर्माणलाई प्राथमिकता दिन सरकारले शुक्रबार 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको थियो। सरकारले तीन महिनाका ्कटग्रस्त क्षेत्र घोषणा गरेमध्ये काभ्रेपलाञ्चोकको रोशी, तेमाल, बेथानचोक, चौंरीदेउराली र महाभारत गाउँपालिका तथा पनौती, नमोबुद्ध, मण्डनदेउपुर नगरपालिका छन् ।

जिल्लाको १३ स्थानीय तहमध्ये पाँचखाल नगर, महाभारत र खानीखोला गाउँपालिकाबाहेक १० तहमा बाढीपहिरोमा परी ७८ जनाले ज्यान गुमाएका, पाँच जना बेपत्ता रहेका तथा ७५ जना घाइते भएका जिल्ला प्रहरी कायालयले जनाएको छ । वर्षाजन्य विपद्मा परी काभ्रेपलाञ्चोकमा ३३ महिला, २९ पुरुष, नौ बालक र सात बालिकाको मृत्यु भएको छ ।रासस

# महान्यायाधिवक्ता कार्यालयले क्रिकेटर लामिछानेविरुद्धको मुद्दामा पुनरावेदन नगर्ने

काठमाण्डु । महान्यायाधिवक्ता कार्यालयले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कारको मुद्दामा पुनरावेदन नगर्ने निर्णय गरेको छ । उच्च अदालतको फैसला चित्त बुझेको हुनाले सर्वोच्च अदालतमा पुनरावेदन नगर्ने निर्णय गरेको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले जानकारी दिनुभयो ।

"उच्च अदालतको फैसला चित्त बुझ्यो भने नेपाल सरकार पुनरावेदनमा जाँदैन, त्यही फैसला यथावत रहन्छ", उहाँले भन्नुभयो, "उच्च अदालतको फैसला चित्त बुझेको हुनाले क्रिकेटर लामिछानेको मुद्दामा पुनरावेदन नगर्ने निर्णय भएको छ ।"

महान्यायाधिवक्ता कार्यालयले यही असोज १० गते क्रिकेटर लामिछानेविरुद्धका उक्त मुद्दामा उच्च अदालतको फैसलालाई सही मान्दै पुनरावेदनमा नजाने निर्णय गरेको जनाएको छ । उच्च अदालतका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको संयुक्त इजलासले क्रिकेटर लामिछानेविरुद्धको मुद्दामा गत जेठ २ गते आधार र प्रमाण नपुगेको भन्दै सफाइ दिने फैसला गरेको थियो। उक्त मुद्दाको गत साउन ४ गते पूर्णपाठ सार्वजनिक भएको थियो ।




फैसलाको पूर्णपाठमा भनिएको छ, "आधार र कारणसमेतबाट यसमा प्रतिवादी सन्दीप लामिछानेले अनुसन्धानका क्रममा र अदालतमा गरेको इन्कारी बयान, परिवर्तित नाम गौशाला-२६ ले पठाएको म्यासेज, निजको शारीरिक परीक्षण प्रतिवेदन, निजको शारीरिक अवस्था, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने होटल काठमाडौँ इन होटलका सेक्युरिटी कार्ड राजन राणाले गरेको बकक्रमका साथै मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरू समेतबाट पुनरावेदक प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएन ।"

फैसलामा पीडितले प्रतिकार गरेको, कराएको, चिच्चाएको, तेस्रो व्यक्तिसँग आत्मरक्षाका लागि कुनै सहयोगको याचना गरेको नदेखिएको उल्लेख छ । त्यस्तै उमेर पुगेका व्यक्तिहरूबीच जबर्जस्ती करणीको १ नं विपरीत नभइ सहमतिमा भएको करणीलाई जबर्जस्ती करणी नमानिने भनेर सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको उल्लिखित तथ्यहरूले अनुमोदन गरेको इजलासको ठहर छ।

फैसलाको पूर्णपाठको भनिएको छ, "प्रतिवादीसँग पीडितले आर्थिक संरक्षण मागेको, प्रतिवादीले पछि सकेको सहयोग गर्छु भनेको तर कुनै सहयोग नगरी प्रतिवादी केन्यातर्फ गएको घटनाक्रमले रिसको आवेगमा प्रतिवादीउपर यस्तो जघन्य कसुरमा जाहेरी दिएको होला भनी यो तथ्यलाई ठाडै इन्कार गर्न सकिने अवस्था पनि देखिँदैन ।" पीडित प्रतिवादीले आफूलाई जबर्जस्ती करणी भने पनि निज वारदातको समय १८ वर्ष पूरा भएको देखिएको फैसलामा उल्लेख गरिएको छ।

अदालतले मिसिल संलग्न सिसीटिभी फुटेजको स्क्रिप्टसमेतका प्रमाणबाट अभियोग दाबी शङ्कारहित तवरले पुष्टि नभएको, पीडित र प्रतिवादीबीच होस्टल नजिकबाट प्रतिवादीको गाडीमा बसी नगरकोट गएको, रातको समयमा काठमाडौँ होटल इनमा बसी भोलिपल्ट प्रतिवादीले पीडितलाई निजको होस्टलमा पुर्याउँदाका अवस्थासम्मका उल्लिखित घटनाक्रमलाई विश्लेषण गरी हेर्दा जबर्जस्ती करणीको कसुर भएको मान्न मिल्ने अवस्था नदेखिएको ठहर छ ।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# दूर्गा पूजाको सातौ दिन कालरात्रीको पूजा

*एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता।*
*लम्बोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी।।*
*वामपादोल्लसल्लोहलताकण्टकभूषणा।*
*वर्धनमूर्धध्वजा कृष्णा कालरात्रिर्भयंकरी।।*

वडा दशैंको सातौ दिन अत्यन्त महत्वपूर्ण मानिन्छ ।दूर्गा माताको सातौ स्वरुपलाई कालरात्रीको रुपमा पुजा गरिन्छ । कालो वर्ण भएकी खप्पड र खड्ग धारण गरेकी असुर शक्तिलाई विनाश गर्ने माता कालीको कालरात्रीको रुपमा पूजा गरिन्छ ।

उहाँको नामले नै माताको कल्याणकारी स्वरुपको वर्णन हुन्छ ।उहाँको शरिरको रंग अत्यन्त अँध्यारो देखिने कालो छ ।नामले नै उहाँको भयानक स्वरुपको वर्णन हुन्छ ।टाउकोको कपाल खुल्ला छ । घाँटीमा बिजुली जस्तो चम्किलो माला छ ।अन्धकारमय परिस्थितिको विनास गर्ने शक्ति स्वरुपाको नाम कालरात्री हो ।कालबाट पनि रक्ष ।गर्ने माता कालरात्री हो । दूर्गा पूजा विधि विधान अनुसारको उहाँको मुख्य पूजा मध्यरातीमा हुन्छ ।मानिस र जिवजन्तहरु समेत गहिरो निद्रामा हुन्छन् , त्यती बेला माता कालरात्रीको पूजा गरिन्छ ।

माता कालरात्रीको तीन नत्र रहेको छ ।तीनै नेत्र ब्रम्हाण्ड जस्तो गोलाकार छ ।उहाँको श्वासबाट अग्नी प्रज्वलित हुने गर्छ । उहाँको सवारी गंदर्भ (गदहा) हो ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात वर मुद्रामा रहेको छ ।उक्त हातबाट माताले भक्तहरुलाई वर प्रदान गर्नु हुन्छ ।

दाहिने तर्फको तलको हात अभय मुद्रामा रहेको छ । यसले भक्त सदैव निर्भय, निडर रहन्छन् ।बायाँ तर्फको माथिल्लो हातमा फलामको धारिलो हतियार (काँटा) र तलको हातमा खड्ग रहेको छ ।उहाँको रुप भयंकर हो ।

तर उहाँ कल्याणकारी सदैव शुभ फल प्रदान गर्ने माता हुन् ।त्यसैले उहाँको नाम शुभंकारीपनि हो ।उहाँको साधकहरुलाई कुनै प्रकारको भयबाट कतैपनि डराउनु पर्दैन् ।उहाँको साक्षात्कारबाट सबै पुण्यको भागी बन्छन् ।

माता कालरात्रिको उपासना गर्नाले ब्रह्मांडको सम्पूर्ण सिद्धिको द्वार खुल्न थाल्छन् ।सम्पूर्ण असुरी शक्ति उहाँको नामको उच्चारणले नै भयभीत भएर टाढा भाग्न थाल्छन् ।त्यसकारण दानव, दैत्य, राक्षस र भूत-प्रेत उहाँको स्मरणले नै भाग्छन् ।



उहाँले ग्रह बाधाहरुलाई हटाउनु हुन्छ । अग्नि, जल, जंतु, शत्रु र रात्रि भय उहाँको स्मरणले नै हट्छ । माता कालरात्रीको कृपाले भक्त सबै प्रकारको भयबाट मुक्त हुन्छन् ।

माता कालरात्री सर्वदा कल्याणी हुनुहुन्छ ।कालरात्री माताको साधकहरु सदैव भय भुक्त भएर मध्य राती(काल रात्री)मा उहाँको अराधना गर्छन् ।

माता कल्याणीको भक्ती अराधनाले सम्पूर्ण रुपमा भक्तजनको मनकामना पूर्ण हुन्छ ।

वडा दशैँमा दूर्गा भवानीको सातौ दिनको पूजालाई सर्वाधिक महत्व दिएको हुन्छ ।सो दिन दूर्गा मन्दिरहरुमा विशेष पूजा गरिन्छ

।कतिपय स्थानमा सप्तमी र अष्टमीको दिन कालरात्री माताको पूजाको अवसरमा बली प्रदानपनि गरेको पाईन्छ ।

सम्पादकीय

## सरकारको नियन्त्रण बाहिर बजार

नेपालमा हिन्दूहरुको महान चाडपर्व दशैं, तिहार र छठको बेला बजारमा खाद्य सामग्रीलगायत हरेक सामानको मूल्य आकासिएको छ । वर्षा र बाढीबाट प्रभावित नेपालीहरुका लागि पर्व त्यौहारमा कम्तीमा खाद्य सामग्री सहज र उचित मूल्यमा उपलब्ध हुनुपर्ने थियो । तर बजारमा हरेक वस्तुको मूल्य आकाश छोएको छ । सर्वसाधारणको खल्तीले बजारको मूल्यलाई थेग्न सकेको छैन । बजार जानु अघि बनाइने सूची बजारबाट फर्किदा बजेट सकिए पनि सामान आधी मात्र आउने गरेको छ । सर्वसाधारणको बेहाल छ । आर्थिक मन्दी कायमै रहेकाले निजी क्षेत्रमा कार्यरत्त नेपालीहरुले दशैंमा तलब पाउनु नै ठूलो उपलब्धि जस्तो भएको छ । हुन त सीमावर्ती भारतीय बजारमा नै खाद्य सामग्रीलगायत सबै सामानको मूल्य वृद्धि भएकोले नेपाली बजारमा त्यसको तत्काल प्रभाव परेको छ । तर सीमा वारी र पारीको मूल्यमा धेरै फरक छ । सरकारले नेपाली बजारको नियमित अनुगमन गर्न नसक्दा बजारमाथि सरकारी नियन्त्रण हटेको छ । नेपालमा आयात भएको मालसामानको भन्सार मूल्य र बजारमा कायम भएको मूल्यको निगरानी सरकारले गर्नुपर्छ । मनपरी ढंगले बजारमा मूल्य कायम गर्न दिनु हुँदैन । सरकारी संयन्त्रले बजारमा मूल्यलाई सन्तुलित बनाउन सक्छ । बजारमा उपलब्ध मालवस्तु लगायत खाद्य सामग्रीको मूल्य र गुणस्तर नियन्त्रण गर्न सरकारसित संयन्त्र छ । तर त्यसको नियमित परिचालन नहुँदा बजारमा मूल्य अनियन्त्रित भएको छ । अखाद्य सामग्री, मिसावटयुक्त सामग्री, स्वस्थ्य सामग्री उपभोक्ताले पसलमा नै तत्कालै छुट्ट्याउने सम्भावना न्यून हुन्छ । तर सरकारी संयन्त्रले नियमित रुपमा बजारमा अनुगमन गरे व्यवसायीहरुले अखाद्य सामग्री बेचबिखन गर्न छाड्ने छन् । खाद्य सामग्रीमा मिसावट, कमसल अथवा म्याद गुज्रेको सामान बेचबिखन गरेको पाइए सरकारले कडा कारबाही गर्न सक्नु पर्छ । उपभोक्ता हित संरक्षण ऐनले कारबाहीको पर्याप्त व्यवस्था गरेको छ । जिल्लामा रहेका संयन्त्रले त्यसलाई कार्यान्वयन गर्न सके उपभोक्ता अनेक प्रकारको ठगिबाट जोगिनेछ । बजारमा सरकारले नियन्त्रण कायम गर्न पनि उपभोक्ता हित संरक्षण कानुनले अधिकार दिएको छ । उपभोक्ताको हितलाई संरक्षण गर्ने दायित्व सरकारको हो । चाड त्यौहारको बेला मात्र अनुगमन गर्नु त्यो औपचारिकता निर्वाह बाहेक केही हुँदैन । सरकारले बजार अनुगमनलाई नियमित गर्नुपर्छ । नियमित रुपमा बजार अनुगमन हुँदा उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु सहज रुपमा पाउने छन् ।

# धर्म र आस्थाको नाममा वातावरणसँग खेलवाड



डा.केदार कार्की

नेपालमा धर्म र वातावरणबीच घनिष्ट सम्बन्ध छ । प्रकृतिका सबै अंगहरूलाई सम्मान गरिएको छ, चाहे त्यो जनावर होस् वा वनस्पति। सबै रूख, बोटबिरुवा, जनावर र पक्षीहरूलाई देवताहरूको प्रतीकको रूपमा पूजा गरिन्छ। धतुरा जस्ता विषालु बिरुवालाई पनि भगवान शिवको प्रसाद मानिन्छ । हामीले अन्य ग्रह र नक्षत्रहरूलाई पनि ईश्वरसँग जोडेर पूजायोग्य बनाएका छौं। प्रकृति संरक्षण हाम्रो जीवनशैलीको अभिन्न अंग भएको छ। हिन्दू दर्शन "बाँचौं र बाँच्न दिनुहोस" को सिद्धान्तमा आधारित छ। नेपालका अधिकांश चाडपर्वहरू प्रकृतिमा केन्द्रित हुन्छन् । यहाँ सर्पलाई दूध खुवाउने चलन छ । हिन्दू धर्म जस्तै इस्लाम, जैन, सिख र बौद्ध धर्मले पनि वातावरण संरक्षणमा जोड दिन्छ।

सबै धर्ममा वातावरण संरक्षणमा जोड दिँदा र विश्वका दसमध्ये आठ जना धर्मावलम्बी हुँदाहुँदै पनि पृथ्वीको घाउ गहिरो हुँदै गइरहेको विडम्बना नै हो । अहिलेको वातावरणको ह्रास यसअघि कहिल्यै देखिएको थिएन । हावा, पानी, नदी, समुद्र, खाना सबै प्रदूषित हुँदै गइरहेको छ । यस प्रदुषणको नतिजा विश्वको ठूलो जनसंख्याले भोगिरहेको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को प्रतिवेदनमा वायु प्रदूषणका कारण वर्षेनी ७० लाख मानिसको मृत्यु हुने गरेको छ । विश्वका ९३ प्रतिशत बालबालिकाले विषालु हावामा सास फेर्छन् । ल्यान्सेट मेडिकल जर्नलको प्रतिवेदनमा विश्वमा हरेक वर्ष प्रदूषित हावा र पानीका कारण हुने मृत्युको संख्या सबै युद्धका कारण हुने मृत्युभन्दा बढी रहेको उल्लेख छ । धुम्रपान, भोक र प्राकृतिक प्रकोपका कारण हुने मृत्युभन्दा प्रदूषणका कारण मृत्यु हुनेको संख्या ठूलो छ । एड्स, टीबी र मलेरियाले दूषित हावा र पानीले जत्तिको मृत्यु निम्त्याउँदैन।

औद्योगीकरण, सहरीकरण र बढ्दो जनस८्यासँगै धार्मिक गतिविधिले पनि वातावरणमा हानि पुऱ्याइरहेको छ । नेपालमा नदीलाई आमाको हैसियत छ तर उनीहरुको अवस्था हेर्दा छोराहरुले बिर्सेको जस्तो लाग्छ । दिनहुँ ठूलो मात्रामा फोहोर, मलमूत्र र औद्योगिक फोहोर नदी हुँदै समुन्द्रमा पुग्ने गरेको छ ।

औद्योगिक क्रान्तिपछि मानिसमा प्रकृतिलाई नियन्त्रण गर्ने प्रवृत्ति बढ्यो । सूचना र समृद्धिको आगमनसँगै मानिसले गर्व गर्न थाल्यो र आफू प्रकृतिको अंश होइन प्रकृति उसको लागि हो भन्ने महसुस गर्न थाल्यो । धर्मको मूल भागमा प्रकृतिलाई सर्वोच्च मानिन्छ, तर मानिसले गर्व गरेपछि आफूलाई सर्वोच्च मान्न थाल्यो। धर्मको गलत व्याख्याका कारण प्रकृतिमा हानि भइरहेको छ । मूर्तिहरू आदिम प्रकृतिका भए नदीमा मूर्ति विसर्जनमा कुनै समस्या छैन।

आदिम मूर्ति विसर्जन गर्दा नदीको पानी प्रदूषित हुँदैन, तर दिखावाका कारण सिसा, रसायन, रंग र प्लास्टर अफ पेरिसबाट मूर्ति बनाउन थालेपछि प्रदूषणको चिन्ता बढेको छ । यी प्रदूषकहरूबाट बनाइएका मूर्तिहरू हाम्रो विश्वासमा थिएनन्। यो पनि तथ्य हो कि पहिले मूर्तिहरू थोरै मात्रामा विसर्जन गरिन्थ्यो। तर अहिले बजार, अर्थतन्त्र र दिखावाका कारण मानिस धर्मको जराबाट टाढा सरेका छन्, जसको परिणाम नदी प्रदुषणको रूपमा देखा परेको छ । वास्तवमा हामीले धर्म र आस्थाको नाममा वातावरणलाई जुन हानि पुऱ्याइरहेका छौं, त्यसले हामीलाई दीर्घकालीन रूपमा नोक्सान गरिरहेको छ । प्रकृति वा आफूलाई हानि पुयाउनु कुनै धार्मिक कार्य होइन, यसलाई अधार्मिक भनिन्छ।

आज वातावरण विनाश भईरहेको भए पनि हामीलाई वातावरणप्रति सचेत गराउन धर्मले महत्वपूर्ण भूमिका खेलेको छ । वातावरणप्रति मानिसहरूको व्यवहार धर्मद्वारा निर्देशित हुन्छ र यसले मानिसहरूमा गहिरो प्रभाव पार्छ। त्यसोभए के यो मान्न सकिन्छ कि धार्मिक हुनु भनेको वातावरणप्रति संवेदनशील हुनु पनि हो? के भगवानमा विश्वास गर्नु भनेको जनावर र वातावरणको कल्याणको बारेमा सोच्नु पनि हो? यो पनि सत्य हो कि धेरै धर्मले संसार नश्वर छ भनेर बताउँछन्। यसले पृथ्वीको शोषणलाई पनि बलियो बनाउँछ। यद्यपि जैन धर्म जस्ता केही धर्महरूले करुणामा जोड दिएका छन् र जनावरहरूलाई मार्न निषेध गर्छन्, मानव व्यवहारको विज्ञानले के भन्छ?

धेरै धार्मिक क्रियाकलापले वातावरणमा हानि पुऱ्याउने गरेको पाइएको छ । तर के वातावरण बचाउने बाटो धर्मबाट जान्छ? यो प्रश्न हो किनभने धार्मिक नेताहरूले अब जलवायु परिवर्तन र ग्लोबल वार्मिंगको अवधारणालाई वातावरणको लागि खतराको रूपमा स्वीकार गर्न थालेका छन्। यी धार्मिक नेताहरूमध्ये, सबैभन्दा मुखर नाम रोमन क्याथोलिक नेता पोप फ्रान्सिसको रूपमा देखा परेको छ।

उनको अपीलमा, विश्वभरका क्याथोलिक संस्थाहरूले जीवाश्म इन्धनबाट छुटकारा पाउन पहल गरिरहेका छन्। भर्खरै, भारतको क्याथोलिक संगठन क्यारिटास इन्डिया ज्ञढ क्याथोलिक संगठनहरूमा सामेल भयो जसले जीवाश्म ईन्धनहरू त्याग्न निर्णय गरेको छ। ग्लोबल क्याथोलिक क्लाइमेट मुभमेन्ट (न्क्ष्ऋः) जलवायु परिवर्तन र चरम मौसमी घटनाहरूलाई ध्यानमा राखेर यो कदम चाल्न प्रेरित भएको थियो। द्दण्ज्ञट मा सुरु भएको यस अभियानमा कुल ज्ञदद्द क्याथोलिक संस्थाहरूले भाग लिएका छन्। क्यारिटास इन्डियाका अध्यक्ष विशप लुमेन मोन्टेरोले पनि जलवायु परिवर्तनले भारतमा विशेष गरी गरिब र वञ्चित वर्गको जीविकोपार्जनमा नराम्ररी असर गरेको विश्वास गर्छन्।

पोप फ्रान्सिसले मे द्दण्ज्ञछ मा लोडाटो सी' शीर्षकको वातावरणमा घोषणापत्र जारी गर्नुभयो। यस घोषणाअनुसार अहिले हामी चिन्ताजनक ग्लोबल वार्मिङको सामना गरिरहेका छौं भन्नेमा वैज्ञानिकहरूबीच व्यापक सहमति छ। हालैका दशकहरूमा समुद्री सतहको वृद्धिमा यो प्रतिबिम्बित भएको छ र यसले थप चरम मौसमी घटनाहरू निम्त्याउनेछ। पोप फ्रान्सिसले आफ्नो ज्ञढड पृष्ठको घोषणापत्र संसारभरका चर्चहरूलाई पठाए। यसमा जलवायु परिवर्तनको चुनौतीसँग जुध्न जीवनशैली, उत्पादनको प्रकृति र उपभोगमा आएको परिवर्तनमा जोड दिइएको छ । उपभोग घटाउन पोपको अपील स्वतन्त्र बजारको वकालत गर्ने पश्चिमाहरूको विचारविपरीत छ। स्वतन्त्र बजारको अवधारणाले उत्पादन र उपभोगलाई ईश्वर प्रदत्त अधिकार मानेको छ । जलवायु परिवर्तनलाई स्वीकार नगर्नेहरू अझै पनि यसलाई सत्य मान्छन्।

यद्यपि, रोमन चर्चले सरकार र अन्तरसरकारी समूहहरूलाई जलवायु परिवर्तनमा छलफल जारी राख्न दबाब दिइरहेको छ। पोप फ्रान्सिसले यस वर्ष सेप्टेम्बर ज्ञ मा दोहोर्याए कि पानी ईश्वरको उपहार हो जसले जीवन सम्भव बनाउँछ। तर, लाखौं मानिसले स्वच्छ खानेपानीको पहुँच पाउन सकेका छैनन् । नदी र समुन्द्र प्रदूषित हुँदै गएका छन् । खानेपानीका मुहान बचाउन तत्कालै आवश्यक छ । उनले समुन्द्रबाट प्लाष्टिक फोहोर सफा गर्न तत्काल पहल गर्नुपर्नेमा जोड दिए । जुनमा भ्याटिकनमा जीवाश्म इन्धन उत्पादक र वित्तीय फर्मका प्रमुखहरूलाई सम्बोधन गर्दै पोपले नैतिक लगानी आवश्यक रहेको बताए। उनले वातावरण संरक्षण र जीवाश्म इन्धनबाट जोगाउन आग्रह गर्दै यसको विकल्प उपलब्ध गराउन जोड दिए ।

वर्तमान विश्वव्यापी परिदृष्यमा वातावरण एक महत्वपूर्ण मुद्दा हो र बढ्दो ग्लोबल वार्मिङ, हरितगृह ग्यासको प्रभाव, जैविक विविधता संकट र प्रदूषण नियन्त्रण आजको युगका प्रमुख चुनौती हुन् । वातावरण संरक्षणका लागि विश्व स्तरमा देश, अन्तर्राष्ट्रिय संघसंस्था, गैरसरकारी संस्था र स्थानीय समूहहरूबाट निरन्तर प्रयास भइरहेका छन् ।

विश्वमा वातावरण संरक्षणका लागि काम गर्ने यी संस्थाहरूबाहेक धेरै धार्मिक समूहहरूले पनि यसमा ठूलो योगदान दिइरहेका छन्। विश्वका हरेक १० जनामध्ये ८ जना कुनै न कुनै धर्मसँग सम्बन्धित छन् र विश्वका प्रमुख धर्महरूमा क्रिस्चियन, मुस्लिम, हिन्दू, बौद्ध, सिख, जैन, यहूदी, बहाई आदि समावेश छन्।

विश्वका सबै धर्मले वातावरणप्रति सद्भाव र नैतिकताको पालना गर्न प्रेरित गरे पनि अहिले धार्मिक ग्रन्थ र समाजको व्यवहारमा भिन्नता छ ।

हाम्रो देश चाडपर्व र चाडपर्वको देश हो । हरेक दिन कुनै न कुनै चाडपर्व छ । चाडपर्वले हामीमा नयाँ उर्जा भर्छ र भाइचारा र स्नेहको भावना पनि बढाउँछ। हामी भारतीयहरू धेरै धार्मिक मानिसहरू हौं। तर यी धार्मिक भावनाका कारण वातावरण प्रदूषित भयो भने त्यसलाई धर्म भन्न सकिँदैन।

आजकल हामीले जानीजानी वा नजानेर धार्मिक क्रियाकलापबाट वातावरणलाई हानि पुऱ्याउँदै आएका छौं । नचाहेर पनि पूजापाठ र विभिन्न धार्मिक अनुष्ठानमा निस्कने फूल, माला, यज्ञको खरानी र अन्य सामाग्रीले वातावरण प्रदूषित गरिरहेका छौं । गणेश पूजा, दुर्गा पूजा जस्ता मूर्ति स्थापना गर्ने चाडपर्वहरूमा हामी वातावरणको सरसफाईलाई धेरै हदसम्म बेवास्ता गर्छौं। आधुनिक समयमा, धार्मिक कार्यक्रममा प्लास्टिकको प्रयोग बढ्दै गएको छ र हामीलाई थाहा छ कि प्लास्टिक हाम्रो वातावरणको लागि हानिकारक छ किनभने यो वर्षौंसम्म प्रकृतिमा सड्दैन। जलाउँदा पानी, माटो र हावा प्रदूषित हुन्छ आजकल पुजामा प्रयोग हुने अधिकांश वस्तुहरु प्लाष्टिकबाट बनेका छन् । यति मात्र होइन, मूर्तिमा प्लाष्टिकको फूल पनि चढाइन्छ । त्यस्तै, आजकल प्लास्टर अफ पेरिसका अलावा मूर्तिमा तामा, क्रोमियम, निकल जस्ता भारी धातुहरू प्रयोग गरिन्छ। यी मूर्तिहरू नदी, पोखरी, ताल आदिमा फाल्दा त्यहाँको पानी प्रदूषित हुन्छ। हामीले बिर्सनु हुँदैन कि पानीका स्रोतहरू प्रदूषित गर्नु नैतिक अपराध हो। वास्तवमा, पानीका स्रोतहरू प्रदूषित गर्नु धार्मिक र नैतिक दुवै दृष्टिकोणबाट उपयुक्त छैन। तर, यज्ञको खरानी, फूलको माला, मूर्ति, तस्बिर आदि खोला र पोखरीमा फाल्नु हुँदैन । धेरै सामग्रीहरू, जस्तै फूल मालाहरू, खेतहरूमा मलको रूपमा प्रयोग गर्न सकिन्छ। मूर्तिहरूले लगाएको लुगा पछि खाँचोमा परेका मानिसहरूलाई वितरण गर्न सकिन्छ। प्राकृतिक रंग प्रयोग गरेर मूर्तिमा रंग लगाउने हो भने रासायनिक रङको प्रयोगबाट हुने प्रदूषणबाट बच्न सकिन्छ भने नदी तथा अन्य जलस्रोतलाई प्रदूषणबाट जोगाउने दायित्व सर्वसाधारणको हो । धार्मिक संस्कारका कारण प्रदूषित हुँदै गएका नदीहरूलाई बचाउन पर्यावरणमैत्री अर्थात् प्रकृतिमैत्री विधि अपनाउनुपर्छ । उदाहरणका लागि, मूर्तिहरू माटोको मात्र बनाउनु पर्छ। कुनै पनि विषाक्त धातु वा प्लास्टिक प्रयोग गरेर बनाइएका मूर्तिहरूले अन्ततः वातावरण प्रदूषण निम्त्याउँछ। तर, अहिले चाडपर्वमा धेरैले पर्यावरणमैत्री अभ्यास अपनाइरहेका छन् ।

> धार्मिक संस्कारका कारण प्रदूषित हुँदै गएका नदीहरूलाई बचाउन पर्यावरणमैत्री अर्थात् प्रकृतिमैत्री विधि अपनाउनुपर्छ । उदाहरणका लागि, मूर्तिहरू माटोको मात्र बनाउनु पर्छ। कुनै पनि विषाक्त धातु वा प्लास्टिक प्रयोग गरेर बनाइएका मूर्तिहरूले अन्ततः वातावरण प्रदूषण निम्त्याउँछ। तर, अहिले चाडपर्वमा धेरैले पर्यावरणमैत्री अभ्यास अपनाइरहेका छन् ।

# नेपालमा अकुपञ्चरको अवस्था: सम्भावना र चुनौतीहरू



डा नरेन्द्र लामिछाने

नेपालमा परम्परागत चिकित्सा प्रणालीको लामो इतिहास छ, जसमा आयुर्वेद, युनानी, होमियोप्याथी, सोवारिग्पा र अन्य प्राकृतिक उपचार विधिहरूले विशेष स्थान ओगटेका छन् । यी उपचार पद्धतिहरूलाई धेरै शताब्दीयौँदेखि अपनाउँदै आइएको छ र तिनले स्वास्थ्य समस्याहरूको उपचारमा महत्वपूर्ण भूमिका खेलेका छन् । आयुर्वेदको विकास त नेपालको सांस्कृतिक र भौगोलिक विविधतामा आधारित जडीबुटीहरूको प्रयोगमा गरिएको छ, जसले धेरै परम्परागत औषधिहरू निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

युनानी चिकित्सा पनि प्राचीन समयमा मुस्लिम समुदायमार्फत नेपालमा प्रवेश गरेको थियो र विभिन्न स्वास्थ्य समस्याहरूको समाधानका लागि लोकप्रिय रह्यो । तर, पछिल्लो समय नेपालमा आधुनिक चिकित्सा प्रणालीको प्रभाव बढ्दो छ । यसले गर्दा परम्परागत चिकित्सा पद्धतिहरूमा पनि परिवर्तन आवश्यक रहेको छ । पछिल्लो केही वर्षमा अकुपञ्चर चिकित्सा विधिको लोकप्रियता बढ्दो छ । यस पद्धतिको प्रयोग विशेषगरी सहरी क्षेत्रहरूमा बढी देखिएको छ, जहाँ आधुनिक चिकित्सा प्रणालीका साथै वैकल्पिक चिकित्सा विधि फिजियोथेरापी, मालिस जस्तैको खोजी हुने गर्दछ । स्वास्थ्य क्षेत्रमा नवीन दृष्टिकोण अपनाउँदै, केही नेपाली चिकित्सक र स्वास्थ्यकर्मीले अकुपञ्चरको उपयोगिता र प्रभावकारितामा गहन अध्ययन गर्न थालेका छन् । अकुपञ्चरले विना औषधि दुखाइको उपचार गर्न सक्ने भएकाले, यसले लामो समयसम्म औषधि सेवन गर्दा उत्पन्न हुने नकारात्मक प्रभावहरूबाट जोगाउन सक्ने मान्यता छ ।

झन्डै दुई हजार वर्ष पुरानो उपचार विधि हो अकुपञ्चर । यसमा शरीरका विभिन्न 'मेरिडियन' भनिने ऊर्जा च्यानलहरूमा सुईहरूको प्रयोग गरी स्वास्थ्य समस्याहरूको उपचार गरिन्छ । चिनियाँ चिकित्सा सिद्धान्तअनुसार जब शरीरमा 'चि' भनिने ऊर्जा प्रवाहमा असन्तुलन हुन्छ, तब विभिन्न रोग र स्वास्थ्य समस्या उत्पन्न हुन्छन् । अकुपञ्चरले यी च्यानलहरूमा सुई राखेर असन्तुलनलाई सुधार्न र शरीरको प्राकृतिक उपचार क्षमतालाई मजबुत बनाउन मद्दत गर्दछ ।

यो विधिले नसासम्बन्धी रोग, शारीरिक दुखाइ, तनाव, पाचन समस्या, निन्द्रा समस्या, माइग्रेन, थाइराइड, हर्मोनल असन्तुलन, मोटोपन, अनुहारसम्बन्धी रोग, र अन्य रोगमा सकारात्मक प्रभाव पारेको छ । विशेषगरी, तनाव र दुखाइ व्यवस्थापनमा अकुपञ्चरले उल्लेखनीय नतिजा देखाएको छ, जसले गर्दा यो चिकित्सा पद्धति पछिल्ला वर्षहरूमा विश्वभर लोकप्रिय हुँदै गएको छ । अकुपञ्चरले विना औषधि नै शरीरका प्राकृतिक उपचार प्रक्रियाहरूलाई सक्रिय बनाउँछ । यसले गर्दा प्रयोग गर्ने मानिसहरूमा दीर्घकालीन औषधिको आवश्यकतालाई घटाउने सम्भावना हुन्छ ।

विश्व स्वास्थ्य सङ्गठनले अकुपञ्चरको महत्वलाई औँल्याउँदै १०० भन्दा बढी रोगको उपचारमा यस पद्धतिको प्रभावकारिता प्रमाणित गरेको छ । सङ्गठनको मान्यता र अनुसन्धानले गर्दा विश्वभरका मुलुकहरूमा यस पद्धतिलाई व्यापक रूपमा वैकल्पिक चिकित्सा विधि भनेर अभ्यास गरिन थालिएको छ । चीन अकुपञ्चरको उद्गमस्थल हो र यहाँ सबैभन्दा व्यापक रूपमा प्रयोग गरिन्छ । जापानमा ' हरिगेट्सु' विधिबाट फरक तरिकाले अकुपञ्चर गरिन्छ, जबकि दक्षिण कोरियामा परम्परागत र आधुनिक चिकित्सा पद्धतिको मिश्रणमा यसको लोकप्रियता बढ्दै गएको छ ।

यसैगरी, संयुक्त राज्य अमेरिकामा दुखाइ र तनाव व्यवस्थापनमा यसको प्रयोग बढिरहेको छ र क्यानडामा यसलाई स्वास्थ्य बीमामा समेत समावेश गरिएको छ । अष्ट्रेलियामा यो विशेषगरी दीर्घकालीन रोग र दुखाइ उपचारमा लोकप्रिय छ । जर्मनीमा अकुपञ्चरलाई बीमा कभरेजसहित आधुनिक चिकित्सा पद्धतिमा समावेश गरिएको छभने ब्रिटेनमा राष्ट्रिय स्वास्थ्य सेवाले यसलाई वैकल्पिक उपचार विधिका रूपमा मान्यता दिएको छ ।

फ्रान्समा अकुपञ्चरलाई औपचारिक चिकित्सा विधिका रूपमा मान्यता प्राप्त छ, र स्विडेनमा तनाव व्यवस्थापन तथा दीर्घकालीन रोगहरूको उपचारमा यसको व्यापक प्रयोग गरिन्छ । भारतमा पनि अकुपञ्चरको प्रयोग वैकल्पिक चिकित्सा विधिका रूपमा बढ्दो छ र नेपालमा पछिल्ला वर्षहरूमा यो विधि सहरी र ग्रामीण दुवै क्षेत्रमा लोकप्रिय हुँदै गइरहेको छ ।

त्यस्तै छिमेकी मुलुक मलेसिया, थाइल्यान्ड, भेतनाम, सिङ्गापुरजस्ता देशमा अझै अकुपञ्चरको लोकप्रियता लोभलाग्दो छ । साथै, वैज्ञानिक र चिकित्सा अनुसन्धानहरूले अकुपञ्चरको प्रभावकारिता र यथार्थतामा गहिरो अनुसन्धान गर्न थालिसकेका छन् । विभिन्न बिश्वप्रख्यात जर्नल जस्तै ल्यान्सेट, नेचर, शेलमा अकुपञ्चरसम्बन्धी अनुसन्धान प्रकाशित भएको पाइन्छ । यो विधि स्वास्थ्य समस्याहरूको उपचारमा मात्र सीमित नरहेर, रोगहरूको रोकथाम र समग्र स्वास्थ्यमा सुधार ल्याउन पनि उपयोगी साबित भएको छ । यसको उपयोगबाट मानिसहरूले शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यमा सुधारको अनुभव गर्दछन् ।

नेपालमा अकुपञ्चर पद्धतिको प्रयोगको इतिहास लामो नभए पनि पछिल्ला दुई-तीन दशकमा यसको लोकप्रियता उल्लेखनीय रूपमा बढेको छ । यो चिकित्सा विधि चीनसँगको सांस्कृतिक, शैक्षिक, र स्वास्थ्य सम्बन्धको परिणामस्वरूप नेपालमा प्रवेश गरेको मानिन्छ । अझै भैगोलिक विकासको रुपमा मुख्य गरेर अरनिको राजमार्ग बन्ने समयमा नेपालमा भित्रिएको दस्तावेज पाइन्छ । सन् १९८० को दशकमा वीर हस्पिटलमा अकुपञ्चरको शाखा नै खुलेर १७ वर्ष चलेको इतिहास छ । प्रारम्भमा सीमित स्थानहरूमा मात्र अकुपञ्चर सेवा उपलब्ध भए पनि अहिले यो सेवा नेपालका प्रमुख सहरहरूमा सहज रूपमा पाइन्छ । अझै सबैभन्दा पुरानो र ठूलो वैकल्पिक चिकित्सालय नरदेवी चिकित्सालयमा यसको उपयोगिता व्यापक रुपमा छ । पछिल्लो समय धेरै स्वास्थ्य संस्था, अस्पताल, र व्यक्तिगत क्लिनिकहरूले अकुपञ्चरलाई उपचारको एक विकल्पका रूपमा समावेश गरेका छन् । न्युरोसम्बन्धी नेपालको प्रमुख हस्पिटल अन्नपूर्ण न्युरोमा आइसियुदेखि नै अकुपञ्चर प्रयोग गरिन्छ भन्दा नौलो पनि लाग्न सक्दछ ।


नेपालमा अकुपञ्चरको विस्तारलाई चिकित्सा पर्यटनसँग पनि जोडेर हेर्न सकिन्छ । सन् २००० को दशकदेखि नेपालमा आउने विदेशी पर्यटकलाई लक्षित गर्दै अकुपञ्चर सेवा प्रदान गर्न थालिएको थियो । नेपालको प्राकृतिक सौन्दर्य, हिमाली वातावरण, र योग तथा ध्यानको प्राचीन परम्पराले गर्दा नेपाल शारीरिक र मानसिक उपचारका लागि आकर्षक गन्तव्य बनिरहेको छ । पर्यावरणीय शान्ति र आध्यात्मिकता खोज्ने पर्यटकहरूले अकुपञ्चरलाई आफ्नो शारीरिक र मानसिक स्वास्थ्य सुधारका लागि उत्कृष्ट विकल्पका रूपमा देख्न थालेका छन् । अकुपञ्चरलाई ध्यान, योग, र प्राकृतिक उपचार विधिहरूसँग एकीकृत गरेर थेरापी दिन थालेपछि यसको प्रभावकारिता र लोकप्रियता झन् बढ्दै गएको छ । एकजना ब्राजिल पर्यटकले परम्परागत भारतीय चिकित्सा आयुर्वेद र चिनियाँ चिकित्साको एकैचोटि अनुभव लिनको लागि नेपाल आएको सुन्दा त पर्यटन क्षेत्रमा अकुपञ्चरको अझै विकास हुन धेरै बाँकी रहेको भान हुन्छ ।

नेपालमा अकुपञ्चरले विभिन्न स्वास्थ्य समस्यामा राम्रो परिणाम दिएको छ । विशेषगरी, ग्रामीण र सहरी दुवै क्षेत्रमा यसको पहुँचले गर्दा धेरै नेपाली जनतालाई प्राकृतिक उपचार पद्धतिहरूमा पुनः आकर्षित गरेको छ । चीनमा अध्ययन गरेर फर्किएका नेपाली चिकित्सकहरूले अकुपञ्चरलाई नेपाली स्वास्थ्य प्रणालीमा समावेश गर्न महत्वपूर्ण भूमिका खेलेका छन् तर हालसम्म सरकारी तवरबाट धेरै चासोको विषय नबनेको देखिन्छ ।

अकुपञ्चरको प्रभावकारिता विभिन्न प्रकारका स्वास्थ्य समस्याहरूको उपचारमा प्रमाणित भइसकेको छ । अनुसन्धानहरूले देखाएको छ कि अकुपञ्चरले विशेषगरी दुखाइ व्यवस्थापन, तनाव र मानसिक स्वास्थ्य समस्याहरू, निद्राको समस्या, पाचनसम्बन्धी विकारहरू, र प्रजनन स्वास्थ्यमा सकारात्मक असर पार्न सक्छ । दुखाइ व्यवस्थापनमा, अकुपञ्चरले शरीरमा प्राकृतिक पीडा निवारण गर्ने एन्डोरफिन्सको उत्पादनलाई प्रवर्द्धन गर्दछ । मांसपेशी र स्नायुहरूको रक्त प्रवाह सुधार गरेर यसले लामो समयदेखिको पुरानो दुखाइ, खासगरी घुँडा, ढाड-कम्मरको दुखाइ र माइग्रेनको उपचारमा सहयोग पुऱ्याउँछ ।

# 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय सङ्कल्प पूरा गर्न सरकार प्रयत्नशील छः अर्थमन्त्री

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वर्तमान सरकार श्रमिकको हकहितको रक्षा गर्दै असल औद्योगिक श्रम सम्बन्धमार्फत 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय सङ्कल्प पूरा गर्न क्रियाशील



रहेको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घको २६औँ क्षेत्रीय परिषद्को मंगलबार उद्घाटन गर्दै उहाँले समयानुकूल श्रमिकको न्यूनतम पारिश्रमिक समायोजन गर्ने नीति कार्यान्वयन हुँदै आएको बताउनुभयो । कार्यस्थलमा भोग्नुपर्ने समस्या नयाँ रुपमा प्रकट भएको बताउँदै उपप्रधानमन्त्री पौडेलले श्रमिकका समस्या विश्वभर एकै किसिमका भएकाले समाधानका लागि सामूहिक प्रयास जरुरी छ भन्नुभयो । नेपालको संविधानले कानुनबमोजिम ट्रेडयुनियन खोल्न पाउने, सामूहिक सौदाबाजी गर्न पाउनेलगायत अधिकार स्थापित गरेको र रोजगारीको हकलाई मौलिक हकमा समावेश गरेको उल्लेख गर्दै उहाँले श्रमिकलाई रोजगारीको हक, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सरकार संवेदनशील रहेको बताउनुभो ।

अर्थमन्त्रीले श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउन सरकार लागिपरेको भन्दै मर्यादित श्रमसम्बन्ध कायम गरेर औद्योगिक वातावरण बनाउन सरकार क्रियाशील छ भन्नुभयो । वर्तमान सरकार श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्दै औद्योगिक वातावरण बनाउन प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । सरकारले सबैले काम गर्न पाउने अधिकार सुनिश्चित गर्दै श्रम शक्तिलाई देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा आत्मसात् अर्थमन्त्रीले बताउनुभयो ।

श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी सिर्जना गर्ने नीति सरकारले लिएको उहाँले बताउनुभयो । अर्थमन्त्री पौडेलले भन्नुभयो, "श्रम शक्तिलाई देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा आत्मसात् गरेको छ । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी सिर्जना अभिवृद्धि गर्ने नीति सरकारको छ ।"

नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले जलवायु परिवर्तनका कारण देशले ठूलो जनधनको क्षति व्यहोर्नु परेको वास्तविकता सुनाउँदै हरेक दिन काम गरेर आफ्नो र परिवारको भरणपोषण गर्नुपर्ने श्रमिक वर्गका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो । दुई दिवसीय सो परिषद्मा नेपाल ट्रेड युनियन कांग्रेस, अखिल नेपाल ट्रेड युनियन महासङ्घ, नेपाल ट्रेड युनियन महासङ्घका प्रतिनिधिका अवाला एसिया -प्रशान्त क्षेत्रका ट्रेड युनियन आन्दोलनका अभियन्ता तथा सहभागी छन् ।रासस

# बाढी प्रभावित क्षेत्रको जानकारी लिन गृह, भौतिक र रक्षा मन्त्री सिन्धुलीमा



कमलामाई । सिन्धुलीको बाढी प्रभावित क्षेत्रको अवस्थाका बारेमा जानकारी लिन सङ्घीय सरकारका तीन मन्त्री यहाँ आइपुग्नुभएको छ । गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र रक्षामन्त्री मानवीर राईसहितको टोली आज बिहान खुर्कोट आइपुग्नुभएको हो ।

उहाँहरुले सुनकोशी नदीमा आएको बाढीले बगाएको सिन्धुली-रामेछाप जोड्ने खुर्कोट पुल र बाढी प्रभावित खुर्कोट बजार क्षेत्रको अवलोकन गर्नुभयो । रामेछापतर्फको ५१ मिटर बगेको बेलीब्रिज यातायात सञ्चालनका लागि नेपाली सेनाले प्रारम्भिक काम थालनी गरिसकेको छ । उहाँहरूले सो कामको निरीक्षणसमेत गर्नुभएको छ ।

अहिले उहाँले बाढीपहिरोबाट जिल्लामा भएको क्षति तथा तत्काल भइरहेको सडक पूर्वाधारको पुनःनिर्माण, उद्धार र राहतका सम्बन्धमा स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी लीलाप्रसाद शर्मा, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेलगायत स्थानीयवासीसँग छलफल जारी राख्नुभएको छ । मन्त्रीहरु सिन्धुपोल्चोकको चौतारा जाने कार्यक्रम रहेको जनाइको छ ।

मन्त्रीहरु बाढीपहिरो प्रभावित क्षेत्रमा

मन्त्रीहरूले काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर र सिन्धुपाल्चोक जिल्लाका बाढीप्रभावित क्षेत्रको अवलोकन गरी त्यहाँ भइरहेको सहयोग र पुनःनिर्माणबारे जानकारी लिनुहुने भएको छ ।

गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल र रक्षामन्त्री मानवीर राईसहितको टोलीले काभ्रेको मङ्गलटार, सिन्धुलीको खुर्कोट, सिन्धुपाल्चोकको चौतारा, ललितपुरको गोटीखेलका लागि प्रस्थान गर्नुभएको छ ।उहाँहरुले बाढीपहिरोबाट भएको क्षति तथा त्यहाँ तत्काल भइरहेका सडक पूर्वाधार पुनःनिर्माण र राहतका कार्यक्रम सञ्चालनलगायत विषयमा छलफल गर्नुहुने छ ।

**मृत संख्या दुई सय ४६**

यसैबीच, बागमती प्रदेश बढी प्रभावित भई यही असोज १० देखि १२ गतेसम्म भएको बाढीपहिरामा परी दुई सय ४६ जनाको मृत्यु भयो भने १८ जना बेपत्ता छन् । अन्य एक सय ७८ जना घाइते भएकामा ३० जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारी जानकारी दिनुभयो ।

हालसम्म बाढीपहिरो प्रभावित क्षेत्रबाट १७ हजार एक सय ७४ जनाको उद्धार गरिएको छभने सहायता परिचालन र अवरुद्ध राजमार्गको मर्मत गरी यातायात सञ्चालन गर्न तीव्र रूपमा प्रयास भइरहेको प्रवक्ता तिवारीलेलाई बताउनुभयो ।रासस

# कोरियाले पाँच लाख अमेरिकी डलर बराबरको सहायता गर्ने

काठमाण्डु । गणतन्त्र कोरिया सरकारले हालैको विपद्पछिको पुनःनिर्माणका लागि नेपाललाई पाँच लाख अमेरिकी डलर बराबरको मानवीय सहायता उपलब्ध गराउने भएको छ ।

नेपालस्थित कोरियाली दूतावासले त्यहाँको सरकारले आज यस्तो निर्णय गरेको जनाएको हो । यस सहयोगबाट विपद्पछिको पुनःनिर्माण तथा पुनःस्थापना र ती क्षेत्रका बासिन्दाहरूलाई छिट्टै आफ्नो नियमित दैनिक जीवनमा फर्कन मद्दत गर्ने अपेक्षा कोरिया सरकारले गरेको दूतावासले जनाएको छ । यसैबीच कोरियाका विदेशमन्त्री चो ताए-युल्कनले परराष्ट्रमन्त्री डा आरजु राणा देउवालाई सन्देश पठाउँदै नेपालमा आएको बाढीपहिरोबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको जनाइएको छ ।

कोरियाली सरकारले विकास तथा सहयोगमा नेपाललाई प्राथमिकतामा राखेको र यसले दुई देशबीचको सहकार्य र मैत्रीपूर्ण सम्बन्धलाई थप मजबुत बनाउने उल्लेख गरेको छ । नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको छ ।रासस

# चन्द्रागिरिद्वारा स्थानीय स्वेच्छिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक : संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरिँदै

काठमाण्डु । दिगो विकास लक्ष्यका केही विषयगत क्षेत्रलाई स्थानीयकरण गर्न चन्द्रागिरि नगरपालिकाले 'स्थानीय स्वेच्छिक मूल्याङ्कन' (भिएलआर) प्रतिवेदन तयार गरेको छ ।

दिगो विकास लक्ष्यका १९ विषयगत क्षेत्रमध्ये शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, खानेपानी तथा सरसफाइ, सुरक्षित, सुन्दर र सबैको पहुँचयोग्य सहरलगायत क्षेत्रलाई समावेश गर्दै नगरपालिकाले एक वर्षको अथक प्रयासबाट सो प्रतिवेदन बनाएको हो । ती क्षेत्रलाई मुख्य आधार एवं स्थानीयकरण गर्दै नगरपालिकाले आफ्ना योजनामा समावेश एवं कार्यान्वयनमा ल्याएको विषयलाई प्रतिवेदनमा समावेश गरिएका छन् ।



अब नगरपालिकाले प्रतिवेदनलाई संयुक्त राष्ट्रसङ्घमा प्रस्तुत गर्ने तयारीसमेत थालेको छ । चन्द्रागिरि यस्तो प्रतिवेदन प्रस्तुत गर्ने दोस्रो नगरपालिका हुनेछ । धुलिखेल नगरपालिकाले 'भिएलआर' प्रतिवेदन प्रस्तुत गरिसकेको छ ।

उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरी, राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशप्रसाद सिंह, संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक हन्ना सिगर हाम्दी लगायतले संयुक्त रूपमा विश्व बसोबास दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा 'भिएलआर' प्रतिवेदन सार्वजनिक गर्नुभयो । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न र यसलाई स्थानीयकरण गर्न नगरपालिकाले 'भिएलआर' प्रतिवेदन तयार पारेको चन्द्रागिरि नगरप्रमुख गिरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "दिगो विकास लक्ष्यमध्ये शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, खानेपानी तथा सरसफाइ, सुरक्षित, सुन्दर र सबैको पहुँचयोग्य सहरजस्ता लक्ष्यलाई स्थानीयकरण गर्न नगरपालिकाले अवलम्बन गरेका असल अभ्यासलाई प्रतिवेदनमा समावेश गरिएका छन् । अब नगरपालिकाले प्रतिवेदनलाई संयुक्त राष्ट्रसङ्घमा शीघ्र प्रस्तुत गर्छ ।" सहरीकरणसँग सम्बन्धित तथ्याङ्क व्यवस्थापनलाई दिगो विकास लक्ष्यको मापनसँग जोड्न नगरपालिकाले उच्च प्राथमिकतामा राखेको छ ।

यसका लागि नगरपालिकाले दातृ निकायका सहकार्यमा 'कोभिड-१९ पछिको आर्थिक-सामाजिक पुनरुत्थान र स्थानीय पहलमार्फत दिगो विकास लक्ष्य कार्यान्वयन परियोजना' पनि सञ्चालन गरिरहेका छ । सहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण र दिगो विकास लक्ष्यको स्थानीय स्वेच्छिक मूल्याङ्कन एकापसमा अन्तरसम्बन्धित हुने बताइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले भन्नुभयो, "सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने ध्येयलाई पूरा गर्न 'स्थानीय स्वेच्छिक मूल्याङ्कन' प्रतिवेदनले सहयोग पुर्याउँछ । दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै समुन्न नगर बनाउने हाम्रो प्रमुख ध्येय हो । यसैमा हाम्रा समग्र नीति, योजना तथा कार्यक्रम केन्द्रित छन् । "

उहाँले नगरपालिकाले भौतिक पूर्वाधारका साथसाथमा विशेष गरेर शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, खानेपानी तथा सरसफाइ, सुरक्षित, सुन्दर र सबैको पहुँचयोग्य सहरजस्ता क्षेत्रमा नयाँ ढङ्गबाट काम गरिरहेका जानकारी दिनुभयो ।रासस

# सरकारले भारतबाट २० वटा बेलीब्रिज ल्याउने



चौतारा । सरकारले भारतबाट २० वटा बेलीब्रिज ल्याउने तयारी गरेको छ । हालैको बाढीपहिरोबाट क्षतिग्रस्त पुलहरुमा वैकल्पिक व्यवस्था गर्न भारतबाट बेलीब्रिज ल्याउने तयारी सरकारले गरेको हो ।

सिन्धुपाल्चोकमा हालैको बाढीबाट क्षति भएका भौतिक पूर्वाधारको निरीक्षण गर्न आउनुभएका भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले उक्त जानकारी दिनुभएको हो । उहाँले तातोपानीमा चाँडो बेलीब्रिज ल्याउने तयारी भइरहेको बताउनुभयो ।

सिन्धुपाल्चोकको बाढी प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिन सङ्घीय सरकारका तीन मन्त्री मंगलबार सदरमुकाम चौतारा आइपुग्नुभएको थियो । गृहमन्त्री रमेश लेखक, रक्षामन्त्री मानवीर राई र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालसहितको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा विपद्ले पुऱ्याएको क्षतिबारे छलफल भएको थियो ।


उहाँहरु सुनकोशी नदीको बाढीले बगाएको सिन्धुली-रामेछाप जोड्ने खुर्कोट पुल र बाढी प्रभावित खुर्कोट बजार अवलोकनपश्चात सिन्धुपाल्चोकको भोटेकोशी क्षेत्रको अवलोकन गरेर चौतारा आइपुग्नुभएको हो ।

मन्त्रीहरुले बाढीपहिरोबाट जिल्लामा भएको क्षति तथा सडक पूर्वाधार पुनःनिर्माण, उद्धार र राहत सम्बन्धमा स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखलगायत स्थानीयवासीसँग छलफल गर्नुभएको थियो ।

सिन्धुपाल्चोकको वस्तुस्थिति बुझेपछि गृहमन्त्री लेखकले मित्रराष्ट्र चीन जोड्ने कोदारी राजमार्गस्थित लार्चा र लिपिङ खोलामा छिटो बेलीब्रिजको व्यवस्था गर्ने आश्वासन दिनुभएको छ । उहाँले प्रजिअ किरण थापालाई पहिरोपीडित लाभग्राहीको पहिचान गरी क्षतिको विवरण तत्काल पठाउन निर्देशन दिनुभयो ।

सिन्धुपाल्चोकमा बर्सेनि प्राकृतिक विपद्ले क्षति पुऱ्याउने गरेको छ । यसपटक मात्रै १० जनाको मृत्यु, दुई बेपत्ता र ठूलो परिमाणमा भौतिक क्षति भएको छ । यहाँबाट मन्त्रीहरू ललितपुरको गोटीखेल जाने कार्यक्रम रहेको जनाइको छ ।रासस

# उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन



काठमाण्डु । सरकारले उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेको छ ।

अर्थ मन्त्रालयको प्रस्तावमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा विज्ञ सम्मिलित पाँच सदस्यीय आयोग गठन गरेको हो ।आयोगका सदस्यहरुमा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा रामप्रसाद ज्ञवाली, अर्थविद् डा विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा कल्पना खनाल रहनुभएको छ। आयोगले आवश्यकताअनुसार निजी क्षेत्रलगायत अर्थतन्त्रका विविध पक्षहरुसँग परामर्श गर्नेछ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोगले सबै पक्षसँग परामर्श र छलफल गरी नेपालको अर्थतन्त्रलाई गतिशील बनाउँदै सही मार्गमा अघि बढाउन आवश्यक सुझाव दिने विश्वास व्यक्त गर्नुभयो ।अर्थ मन्त्रालयले एक सय दिनमा पूरा गर्ने कामको सूचीमा उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरिने बुँदा पनि समावेश थियो । सोही अनुसार उक्त आयोग गठन भएको हो । आयोगले कार्यविधि भने आफैँ तय गर्ने अर्थ मन्त्रालयले जनाएको छ ।रासस

# क्षतिको मूल्याङ्कन गरी स्थानीय तहमा बजेट दिइने

काठमाण्डु । सरकारले बाढीपहिरोबाट स्थानीय तहहरुमा भएको क्षतिको मूल्याङ्कन गरी आवश्यकताअनुसार बजेट उपलब्ध गराउने भएको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सोमबारको मन्त्रिपरिष्दको बैठकका निर्णय मंगलबार सार्वजनिक गर्दै भन्नुभयो, "कतै धेरै क्षति भएको छभने कतै थोरै । क्षतिको मूल्याङ्कन गरेर सम्बन्धित स्थानीय तहमा बजेट पठाउन सरकारले गृहकार्य गरिरहेको छ ।"



मन्त्री गुरुङले सङ्कटग्रस्त ४९ स्थानीय तहको स‍ं‍्या बढ्‌ नसक्ने जानकारी दिँदै क्षतिको पूर्ण विवरण गृह मन्त्रालयले केही दिनमै सरकारलाई उपलब्ध गराउने बताउनुभयो । मन्त्रिपरिषद्को निर्णयअनुसार थाइल्यान्डको बैङ्ककमा आगामी कात्तिक ६ देखि ८ गतेसम्म आयोजना हुने 'ट्रान्सफर्मिङ केयरः बिल्डिङ अलाइन्स, इम्पावरिङ वुमन, रिसेपिङ इकोनोमिक्स' कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीलाई सहभागी हुन स्वीकृत प्रदान गरिएको छ ।

मन्त्रिपरिषद्ले चालु आर्थिक वर्षका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत विभिन्न आयोजनाका लागि दुई सय ६६ राजपत्राङ्कित पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । आगामी कात्तिक १ देखि ३ गतेसम्म रसियामा आयोजना हुने 'एक्स एक्स आइआई इन्टरनेसनल स्पोर्टस फोरम रसिया-कन्ट्री अफ स्पोर्टस' कार्यक्रममा युवा तथा खेलकुदमन्त्री सहभागी हुने र आरोहणका लागि थप ५७ वटा हिमाल खुला गर्न स्वीकृत दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

हुलाक सेवा विभाग र अन्तर्गतका निकायहरुको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने, दूरसञ्चार (दशौं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, २०८१ कात्तिक १९ देखि २३ गतेसम्म इजिप्टको कायरोमा आयोजना हुने 'वर्ल्ड अर्बान फोरम-१२' सम्मेलनमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री सहभागी हुन अनुमति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।रासस

# राष्ट्रपतिसमक्ष निर्वाचन र महिला आयोगका प्रतिवेदन प्रस्तुत

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोग र राष्ट्रिय महिला आयोगका बेग्लाबेग्लै वार्षिक प्रतिवेदन प्रस्तुत भएका छन् ।

निर्वाचन आयोग र राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन मंगलबार राष्ट्रपति भवनमा आयोजित बेग्लाबेग्लै कार्यक्रममा राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको हो ।



राष्ट्रपति पौडेलसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले आ-आफ्ना आयोगका प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यस अवसरमा राष्ट्रपति पौडेलले आवधिक निर्वाचन सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र मुलुकको विकास एवं स्थायित्वको एउटा आधार हो भन्नुभयो । उहाँले निर्वाचनका माध्यमबाट जनताले लोकतान्त्रिक हकअधिकार प्राप्त गर्नसक्ने हुँदा यो लोकतन्त्रको सुन्दर र अपरिहार्य पक्ष भएको धारणा व्यक्त गर्नुभयो ।

साथै उहाँले महिला आयोगको प्रतिवेदन ग्रहण गरेपछि धेरै प्रयासका बाबजुद केही क्षेत्रमा महिलाको उपस्थिति आशलाग्दो देखिए पनि जनस‍ं‍्याको आधा हिस्सा ओगटेको वर्गको निर्णायक तहमा प्रतिनिधित्व अझै सन्तोषजनक छैन भन्नुभयो ।रासस

# बोलिभियादेखि इन्डोनेसियासम्म तीव्र गतिमा वनविनाश जारी

एएफपी

पेरिस ।सन् २०३० सम्ममा वनविनाश अन्त्य गर्ने प्रतिबद्धताहरूभन्दा धेरै बढी दरमा गत वर्ष वन विनाश जारी रहेको मङ्गलबार प्रकाशित एउटा प्रमुख अध्ययनमा उल्लेख छ ।दुई दर्जन अनुसन्धान संस्था, गैरसरकारी संस्था र वकालत समूहहरूका अनुसार सन् २०२३ मा करिब आयरल्यान्डको आकारको वन नष्ट भयो र यसमा ६३ लाख ७० हजार हेक्टर रुख काटिए वा जलाइए ।

संसारलाई दशकको अन्त्यसम्म वनविनाश अन्त्य गर्ने मार्गमा राख्न सन् २०२१ मा एक सय ४० भन्दा बढी नेताहरूले गरेको प्रतिबद्धतामा यो 'उल्लेखनीय रूपमा बढी' थियो ।

वनहरू विश्वका ८० प्रतिशत स्थलीय वनस्पति र जनावर प्रजातिहरूको घर हुन् र जल चक्रलाई नियमन गर्ने तथा विश्व तापक्रमका लागि जिम्मेबार प्रमुख हरितगृह ग्यास कार्बनडाइअक्साइड सोस्नका लागि महत्त्वपूर्ण हुन् ।

"विश्वव्यापी रूपमा दशकको प्रारम्भदेखि वनविनाश सुधारिएको छैन, बरु बिग्रिएको छ", क्लाइमेट फोकसका जैविक विविधता र भूमि उपयोग परामर्शदाता तथा 'वन घोषणा मूल्याङ्कन' प्रतिवेदनका प्रमुख लेखक इभान पाल्मेगियानीले भन्नुभयो, "हामी वनविनाश अन्त्य गर्ने महत्त्वपूर्ण विश्वव्यापी सममसीमाबाट मात्र



छ वर्ष टाढा छौँ र वनहरू अझै चिन्ताजनक दरमा कार्टिँदै, क्षीण हुँदै र जलाइँदैछन् ।"

सन् २०२३ मा ३७ लाख हेक्टर उष्णकटिबन्धीय प्राथमिक वन- विशेषगरी कार्बन समृद्ध र

> क्लाइमेट फोकसका वरिष्ठ परामर्शदाता तथा प्रतिवेदनका सह-लेखिका एरिन म्याट्सनले " बलियो नीति र बलियो कार्यान्वयन आवश्यक रहेको" बताउनुभयो ।

पारिस्थितिकीय रूपमा जैविक विविधायुक्त वातावरण- नष्ट भयो । यो सन् २०३० को लक्ष्य पूरा गर्न उल्लेखनीय रूपमा घट्नुपर्ने थियो ।

**सोया र निकेल**

उच्च जोखिमयुक्त क्षेत्रहरूमा अनुसन्धानकर्ताहरूले बोलिभिया र इन्डोनेसियामा पछाडि फर्कन सङ्केत गरेका छन् । प्रतिवेदनले बोलिभियामा वनविनाशमा ' चिन्ताजनक वृद्धि' भएको बताएको छ । यहाँ सन् २०१५ र सन् २०२३ को बीचमा वनविनाश तीन सय ५१ प्रतिशतले बढेको छ ।

'वनविनाश प्रवृत्तिले कम हुने कुनै सङ्केत' नदेखाएको प्रतिवेदनमा उल्लेख छ । त्यहाँ वनहरू कृषि विशेषगरी सोयाका साथै गाईवस्तु र चिनीका लागि पनि फडानी गरिएको छ ।

इन्डोनेसियामा वनविनाश सन् २०२० देखि सन् २०२२ को बीचमा घटेको भए पनि गत वर्षदेखि तीव्र रूपमा बढ्न थालेको छ । कपडाका लागि भिस्कोस र विद्युतीय सवारी साधनका बेट्री र नवीकरणीय ऊर्जा प्रविधिका लागि निकेल उत्खननमा वृद्धिजस्ता आंशिकरूपमा प्राय पर्यावरणमैत्री मानिने सामग्रीहरूको मागका कारण यहाँ वनविनाश बढेको हो ।

ब्राजिलबाट राम्रो समाचार आएको छ ।

ब्राजिल अझै पनि विश्वमा सबैभन्दा बढी वनविनाश भएको मुलुक हो तर यसले महत्त्वपूर्ण प्रगति गरेको छ । अमेजनमा स्थिति उल्लेखनीय रूपमा सुधारिएको छ । मुलुकले राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले लागु गर्नुभएको संरक्षणात्मक उपायहरूबाट फाइदा लिएको छ । यद्यपि अमेजनको तल रहेको महत्त्वपूर्ण उष्णकटिबन्धीय घाँसेमैदान सेराडोमा वनविनाश बढेको छ ।

**वन क्षयीकरण**

काठ काट्ने, सडक निर्माण र आगलागीले भूमि पूर्ण रूपमा नष्ट नभई क्षति पुर्याउने भन्दै प्रतिवेदनले वन क्षयीकरणको भूमिकामाथि पनि प्रकाश पारेको छ ।

सन् २०२२ मा अन्तिम पटक आँकडा उपलब्ध भएको वर्ष जर्मनीको दोब्बर आकारको वन क्षेत्र क्षय भएको थियो ।

क्लाइमेट फोकसका वरिष्ठ परामर्शदाता तथा प्रतिवेदनका सह-लेखिका एरिन म्याट्सनले 'बलियो नीति र बलियो कार्यान्वयन आवश्यक रहेको' बताउनुभयो ।

"विश्वव्यापी वन संरक्षण लक्ष्य पूरा गर्न हामीले वन संरक्षणलाई राजनीतिक र आर्थिक लहडहरूबाट अछूतो बनाउनुपर्छ", उहाँले भन्नुभयो ।

उक्त प्रतिवेदन गैरसरकारी संस्थाहरूको विरोधका बाबजुद आफ्नो वनविनाश विरोधी कानून लागू हुन एक वर्ष (सन् २०२५ को अन्त्यसम्म) स्थगन गर्ने युरोपेली आयोगको गत साता प्रस्तावलाई दृष्टिगत गरी आएको छ ।

# पन्ज्युनयाँ क्रिकेट लिगको तयारी तीव्र



बैतडी।दोगडाकेदारगाउँपालिका-६ पन्ज्युनयाँमा सञ्चालन हुने तेस्रो संस्करणको पन्ज्युनयाँ क्रिकेट लिगको तयारी तीव्र पारिएको छ । दोगडाकेदार गाउँपालिकाको प्रायोजन तथा शुशितम युवा क्लबको आयोजनामा हुने प्रतियोगिता यही असोज २८ गतेदेखि सुरु हुँदैछ ।

प्रतियोगिता मिति नजिकिएसँगै तयारी तीव्र पारिएको आयोजक शुशितम युवा क्लबका सचिव जगदीशसिंह कार्कीले जानकारी दिनुभयो । वडा नं ६ स्थित पन्ज्युनयाँ खेलमैदानमा सञ्चालन हुने प्रतियोगिताका लागि मैदान व्यवस्थित, खेलाडी टोली दर्तालगायतको काम जारी रहेको छ ।

प्रतियोगिताका लागि खेल टोली दर्ता खुल्ला गरिएको र सहभागी हुन चाहने टोलीले असोज २५ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने शुशितम युवा क्लबका सदस्य अशोक कार्कीले जानकारी दिनुभयो । खेलाडी टोली दर्ता शुल्क रु १२ हजार ५०० राखिएको छ ।

प्रतियोगिताको विजेता टोलीले रु एक लाख ५५ हजार ५५५ ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउने आयोजक शुशितम युवा क्लबका अध्यक्ष वीरसिंह कार्कीले बताउनुभयो । यस्तै, उपविजेता टोलीले रु ५५ हजार ५५५ ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार दिइनेछ ।

यसका साथै सेमिफाइनलबाट बाहिरिने टोलीलाई सान्त्वनास्वरूप रु १०/१० हजार, सर्वोत्कृष्ट खेलाडीले रु ११ हजार १११, सर्वोत्कृष्ट ब्याटर र बलरले समान रु सात हजार ७७७, उदीयमान खेलाडीलाई रु तीन हजार ३३३ र प्रत्येक खेलका उत्कृष्ट खेलाडीले रु एक हजार १११ पुरस्कार पाउने जनाइएको छ ।

प्रतियोगितामा जिल्लाभित्र र बाहिरका टोली पनि सहभागी हुन पाउनेछन् । सहभागी हुने टोलीले चारजना विदेशी खेलाडी राख्न पाउने जनाइएको छ । खेल टेनस बलले खेलाइने र एलबिडब्लू आउट लागू नहुने आयोजकले जनाएको छ ।प्रतियोगिताले क्रिकेटको विकासका साथै खेलाडी उत्पादनमा सहयोग पुग्ने विश्वास गरिएको गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले बताउनुभयो । यसअघि सम्पन्न पहिलो संस्करणको पन्ज्युनयाँ क्रिकेट लिगको उपाधि दोगडास्टार क्लब र दोस्रो आयोजक शुशितम युवा क्लबले जितेको थियो ।रासस

# बङ्गलादेशमा बाढीका कारण छ जनाको मृत्यु, लाखौँ प्रभावित

सिन्ह्वा

ढाका । भारी वर्षाले निम्त्याएको विनाशकारी बाढीका कारण बङ्गलादेशको उत्तरी मैमनसिंह क्षेत्रमा छ जनाको मृत्य हुनुका साथै लाखौँ मानिस प्रभावित भएका छन् । राष्ट्रिय विपद् प्रतिक्रिया समन्वय केन्द्र (एनडिआरसिसी) का अनुसार मैमनसिंह, शेरपुर र नेर्त्रोकोना गरी तीन जिल्लाका तल्लो क्षेत्रमा बाढी आएको हो । बिग्रँदै गएको जनाइएको छ ।

बाढीको प्रभाव बढ्दै जाँदा जमिनको ठूलो भूभाग डुबानमा परेको छ ।

बङ्गलादेश र यसको वरपरका सीमावर्ती उत्तरपूर्वी भारतीय क्षेत्रहरूमा भारी वर्षापछि अक्टोबर ४ मा सुरु भएको वर्षापछिको बाढीबाट दुई लाख ५० हजारभन्दा बढी मानिस प्रभावित भएका थिए ।मैमनसिंह डिभिजनका



केन्द्रको पछिल्लो तथ्याङ्कअनुसार सोमबारसम्म बाढीमा चार पुरुष र दुई महिलासहित छ जनाको मृत्यु भएको छ ।

केन्द्रका अनुसार बाढीले मानव जीवन, भौतिक सम्पत्ति तथा र बालीनालीलाई ठूलो क्षति पुर्याएको छ ।बाढी प्रभावित जिल्ला शेरपुरमा बाढीको स्थिति केही सुधार भए पनि नेर्त्रोकोना र मैमनसिंहका केही भागमा बाढीको अवस्था वरिष्ठ अधिकारी ओम्मी सलमा तान्जियाले जिल्लामा समग्र बाढीको अवस्थाा सुधार भए पनि हजारौँ परिवार अझै पनि आश्रयमा रहेको र शेरपुर सबैभन्दा बढी प्रभावित क्षेत्रको रूपमा देखापरेको बताउनुभयो ।

उहाँका अनुसार सीमावर्ती जिल्लाका केही क्षेत्रहरू अझै पनि सडक सञ्जाल प्रभावित हुँदा टाढा-टाढाका प्रभावित क्षेत्रहरूमा राहत पुर्याउन असहज भइरहेको छ ।

# चीनले सन् २०२४ को वृद्धि लक्ष्य हासिल गर्नेमा शीर्ष आर्थिक अधिकारी 'विश्वस्त'

एएफपी

बेइजिङ । चिनियाँ अधिकारीहरू मुलुकले यस वर्षको आर्थिक वृद्धि लक्ष्य हासिल गर्ने कुरामा 'पूर्ण विश्वस्त' रहेको मुलुकका शीर्ष अधिकारीले मङ्गलबार बताउनुभएको छ । चीनमा गत महिना घोषणा गरिएको उत्प्रेरणात्मक उपायहरूको शृ‌ लाले शेयर बजारहरूमा उछाल ल्याएको थियो ।

अधिकारीहरूले करिब पाँच प्रतिशतको विस्तारलाई लक्षित गरेकाले बेइजिङले व्यावसायिक गतिविधिलाई पुनः सुरु गर्न सङ्घर्ष गरिरहेको छ । लामो समयदेखिको आवास सङ्कटदेखि सुस्त उपभोग र स्थानीय सरकारी ऋणसम्मका धेरै प्रतिकूल परिस्थितिलाई हेर्दा यो लक्ष्य आशावादी रहेको विश्लेषकहरूले बताएका छन् ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोग (एनडिआरसी) का प्रमुख झेङ शान्जीको नेतृत्वमा मङ्गलबार भएको पत्रकार सम्मेलनमा सबैको ध्यान केन्द्रीत छ । लगानीकर्ताहरूले बेइजिङले थप अर्थतन्त्र बढाउने नीतिहरू सार्वजनिक गर्ने आशा गरेका छन् ।"हामी वर्षका लागि आर्थिक र सामाजिक विकासका लक्ष्य कायमा राख्नेमा पूर्ण विश्वस्त छौँ", उहाँले भन्नुभयो, "हामी स्थिर, स्वस्थ र दिगो विकास कायम राख्नमा पनि पूर्ण विश्वस्त छौँ ।"

व्यापारीहरूले एक साताको विश्रामपछि बेइजिङबाट थप उपायहरूको आशामा जोडदार र्‍यालीलाई जारी राख्दा मुख्य भूमि चीनका सेयरहरू मङ्गलबार १० प्रतिशतभन्दा बढीले बढे । यसले स्वर्णिम हप्ता बिदाअघिको २० प्रतिशतभन्दा बढीले वृद्धि भयो । अधिकारीहरूले लामो समयदेखि मन्द आर्थिक वृद्धिलाई उल्ट्याउन उत्प्रेरणात्मक उपयाहरूको शृ‌ ला घोषणा गर्न थालेसँगै लगानीकर्ताहरू मुख्य भूमि चीन र



हङकङका सेयरहरूमा फर्कन थालेका छन् ।

हालसम्म घोषणा गरिएका धेरै उपायहरू कमजोर रियल स्टेटलाई लक्षित गरिएका छन् । यो लामो समयदेखि वृद्धिको प्रमुख चालक रहेको भए पनि अहिले लामो समयसम्म ऋण सङ्कटमा फसेको छ । उक्त उद्देश्यका लागि बेइजिङको केन्द्रीय बैंकले वित्तीय संस्थाहरूलाई एक वर्षको ऋणको ब्याज दर घटाएको छ, ऋणदाताहरूको राशिमा कटौती गरेको छ र विद्यमान बन्धकहरूमा दरहरू घटाउन प्रोत्साहित गरेको छ ।

साङ्घाई, ग्वाङ्जाऊ र सेन्जेन जस्ता वित्तीय केन्द्रसहित धेरै सहरले पनि रियल स्टेट खरिदमा प्रतिबन्धहरू खुकुलो पारेका छन् । "समग्रमा हामीले वर्तमान विकास र विकासको पूर्वानुमान हेर्दा हाम्रो मुलुकको आर्थिक विकासको आधारभूत तत्वहरू परिवर्तन भएका छैनन", झेङले भन्नुभयो, "विभिन्न नीति विशेषरूपमा वृद्धिशील प्याकेजको निरन्तर जारी हुने क्रमसँगै बजारको अपेक्षा हालै उल्लेखनीय रूपमा सुधार आएको छ ।"

अधिकारीहरूले थप वित्तीय समर्थन उपायहरू घोषणा गर्ने विश्लेषकहरूले आशा गरेका छन् । यसमा खर्बौं युआनको बन्ड जारी र उपभोग बढाउने नीतिहरू रहेका छन् । यद्यपि बेइजिङ वृद्धिका आधारभूत अवरोधहरू समाधान गर्न गम्भीर छ भने रियल स्टेट क्षेत्रमा ऋण सङ्कट कम गर्न र घरेलु मागलाई बढावा दिन आर्थिक प्रणालीमा गहिरो सुधारहरू आवश्यक रहेको विश्लेषकहरूले बताएका छन् ।

"चीनको अर्थतन्त्र सङ्कटमा छैन र बेइजिङलाई चीनको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) हासिलमा मद्दत गर्न सन् २०२४ को बाँकी समयका लागि ठूलो वित्तीय खर्च प्याकेजको घोषणा गर्न आवश्यक छैन", चाइना बेइज बुकका शेहजाद काजीले भन्नुभयो, "वास्तविक प्रश्न के हो भने बेइजिङले सन् २०२५ र त्यसपछिका लागि बहुचरणको खर्च कार्यक्रम घोषणा गर्नेछ र यसमा अर्थतन्त्रलाई उपभोगमा आधारित सङ्क्रमणबाट रोक्ने संरचनागत समस्याहरूलाई सम्बोधन गर्ने कुरा समावेश छ ।"

# एआईमा महत्त्वपूर्ण प्रगतिका लागि दुई जनालाई भौतिकशास्त्रको नोबेल पुरस्कार प्रदान

एएफपी

स्टकहोम । अमेरिकी जोन होपफिल्ड र बेलायती-क्यानाडाली जेफ्री हिन्टनले मङ्गलबार कृत्रिम बौद्धिकता (एआई) को विकासमा अग्रणी कामका लागि यस वर्षको भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार जित्नुभएको छ । जुरीका अनुसार उहाँहरूलाई 'कृत्रिम न्युरल नेटवर्कहरूसँग मेसिन लर्निङ सक्षम बनाउने आधारभूत खोज र आविष्कारका लागि' सम्मानित गरिएको छ ।

स्विडिश रोयल एकेडेमी अफ साइन्सेसले एक वक्तव्यमा भनेको छ, "यस वर्षको भौतिकशास्त्रमा दुई नोबेल पुरस्कार विजेताहरूले आजको शक्तिशाली मेशिन लर्निङको आधार रहेको विधिहरू विकास भन्नुभयो, "म अचम्मित छु... यस्तो हुनसक्छ भनेर मलाई थाहै थिएन ।"

दुवै जनाले स्टकहोममा राजा कार्ल सोह्रौँ गुस्ताफबाट डिसेम्बर १० मा डिप्लोमा, सुनको पदक र १० लाख डलरको चेकसहित पुरस्कार प्राप्त गर्नुहुनेछ । उक्त दिन आफ्नो अन्तिम इच्छापत्रमा यी पुरस्कारहरू सिर्जना गर्नुभएका वैज्ञानिक अल्फ्रेड नोबेलको सन् १९८६ मा निधन भएको वार्षिकी हो ।

गत वर्ष भौतिकशास्त्रको नोबेल पुरस्कार फ्रान्सका पियरे एगोस्टिनी, हङ्गेरी-अस्ट्रियाली फेरेन्क क्राउज र फ्रान्को-स्विडिश एन ल'हुइलियरलाई अति छिटो प्रकाश फ्ल्यासहरू प्रयोग गरेर परमाणु र अणुहरूभित्रका इलेक्ट्रोनहरूको




गर्न भौतिकशास्त्रका उपकरणहरू प्रयोग गर्नुभएको छ ।"वक्तव्यमा प्रिन्स्टन विश्वविद्यालयका ९१ वर्षीय प्राध्यापक होपफिल्डलाई 'एसोसिएटिभ मेमोरी सिर्जना गरेको' र 'यसले छवि र डेटाका अन्य प्रकारका ढाँचाहरू भण्डारण गर्न र पुनःनिर्माण गर्न सक्छ' भनी उल्लेख गरिएको छ ।

जुरीले टोरन्टो विश्वविद्यालयका ७६ वर्षीय प्राध्यापक हिन्टनले 'डेटामा स्वायत्त रूपमा गुणहरू पत्ता लगाउन सक्ने विधि आविष्कार गर्नुभएको र उक्त आविष्कारले तस्बिरहरूमा विशिष्ट तत्वहरू पहिचान गर्ने जस्ता कार्य गर्न सक्छ' भनेको छ । स्टकहोममा पुरस्कार विजेताहरूको घोषणा गर्ने क्रममा हिन्टनले फोन अन्तरवार्तामार्फत पत्रकारहरूसँग अध्ययन गर्न सक्षम बनाउन गरिएको अनुसन्धानका लागि दिइएको थियो ।

नोबेल मौसममा यस साता बुधबार रसायनशास्त्र पुरस्कार विजेताको घोषणासँगै जारी रहनेछ ।

त्यसपछि बिहीबार साहित्य र शुक्रबार शान्तिका लागि अत्यधिक प्रतीक्षित पुरस्कार आउनेछन् ।


अर्थशास्त्रका लागि सोमबार पुरस्कार घोषणासँगै सबै कुरा समाप्त हुनेछ ।पुरस्कार सिर्जनाकर्ता तथा वैज्ञानिक अल्फ्रेड नोबेलका शब्दहरूमा जसले 'मानवजातिलाई सबैभन्दा ठूलो फाइदा प्रदान गरेका छन्' तिनीहरूलाई सन् १९०१ देखि प्रदान गरिँदै आएको नोबेल पुरस्कारले सम्मानित गर्दछ ।

# आफ्नो पूर्वाधारमा आक्रमण नगर्न इजरायललाई इरानको चेतावनी

एएफपी

तेहरान । इरानले मङ्गलबार गत साता इरानको क्षेप्यास्त्र प्रहारपछि तेल वा आणविक केन्द्रहरूमा सम्भावित इजरायली आक्रमणको आशङ्काबीच इजरायललाई आफ्ना कुनै पनि पूर्वाधारमा आक्रमण नगर्न चेतावनी दिएको छ । "इरानमा कुनै पनि पूर्वाधारमाथि आक्रमण भए यसले अझ बलियो प्रतिक्रिया निम्त्याउनेछ", सरकारी टेलिभिजनले विदेशमन्त्री अब्बास अराघचीलाई उद्धृत गर्दै भनेको छ ।

इजरायलले आफ्नो प्रमुख शत्रुमाथि अक्टोबर १ मा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ तयार गरिरहेको बताएपछि अराघचीले त्यस्तो चेतावनी दिनुभएको हो । इरानले पछिल्लो छ महिनामा इजरायलमाथि गरेको यो दोस्रो आक्रमण थियो । सोमबार एउटा आधिकारिक बयानमा अराघचीलाई



उद्धृत गर्दै इरानले क्षेत्रमा युद्ध नचाहेको बताएको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानका तेल प्रतिष्ठानहरूमा आक्रमण नगर्न सावधान गराउनुभएको थियो । इरान विश्वका शीर्ष १० कच्चा तेल उत्पादकमध्ये एक हो ।

इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्सका जनरल रसुल सनाइरदले आइतबार इजरायललाई आणविक वा ऊर्जा केन्द्रहरूमाथि हुने कुनै पनि आक्रमणले 'चेतावनी स्तर' पार गर्ने चेतावनी दिनुभएको थियो । फार्स समाचार एजेन्सीले इजरायलको धम्कीपछि सनाइरदलाई उद्धृत गर्दै भनेको छ, "केही राजनीतिक नेताहरूले इरानको आणविक नीतिमा सम्भावित परिवर्तनको कुरा गरेका छन् ।"

सन् २०२२ मा एक अधिकारीले इरानसँग आणविक हतियार उत्पादन गर्ने प्राविधिक क्षमता रहेको बताएपछि इरानले आफ्नो आणविक महत्त्वाकांक्षामा कुनै परिवर्तन नभएको कुरामा जोड दिएको थियो ।गत वर्ष इरानले युरेनियम संवर्धनको गति कम गरे पनि त्यसपछि सन् २०२३ को अन्त्यतिर अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार ६० प्रतिशत संवर्धित युरेनियमको उत्पादनलाई तीव्र बनाएको थियो ।

सैन्य प्रयोगका लागि करिब ९० प्रतिशत संवर्धन स्तर आवश्यक पर्दछ । इरानले आणवक हतियार क्षमता विकास गर्ने कुनै महत्त्कांक्षा राखेको कुरालाई सधैँ अस्वीकार गर्दै आएको छ र आफ्ना गतिविधिहरू पूर्ण रूपमा शान्तिपूर्ण रहेको कुरामा जोड दिँदै आएको छ ।

इरानी आणविक केन्द्रहरूमा हुने कुनै पनि आक्रमणले 'इरानको प्रतिक्रियाको प्रकारमा प्रभाव पार्ने' जनरल सनाइरदले बताउनुभयो ।

तेहरानले इजरायलमाथि गरेको आक्रमणमा करिब दुई सय क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ ।

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ सात पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६७ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४७ रुपैयाँ ११ पैसा र नौ रुपैयाँ तीन पैसा र बिक्रीदर नौ रुपैयाँ सात पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १० पैसा र बिक्रीदर १९ रुपैयाँ १९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८५ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९५ पैसा कायम भएको छ।




बिक्रीदर एक सय ४७ रुपैयाँ ७७ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ३३ पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ११ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५६ रुपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ५७ रुपैयाँ २२ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ र बिक्रीदर ९१ रुपैयाँ ४१ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ ६८ पैसा र बिक्रीदर ९९ रुपैयाँ १२ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ ८५ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ ३१ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ एक पैसा र बिक्रीदर चार रुपैयाँ तीन पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५० पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३० पैसा र बिक्रीदर ३१ रुपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ९६ पैसा र बिक्रीदर १० रुपैयाँ एक पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९३ पैसा र बिक्रीदर १२ रुपैयाँ ९९ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ७३ पैसा र बिक्रीदर १९ रुपैयाँ ८२ पैसा तोकिएको छ।रासस

# एनसेल फाउन्डेसनद्वारा गोदावरी नगरपालिकाका बाढीपहिरो पीडितलाई राहत वितरण

**टुडे समाचारदाता**

काठमाण्डु । असोज ११ र १२ गते देशभर परेको वर्षाले निम्त्याएको बाढीपहिरोको विनाशपछि एनसेल फाउन्डेसनले ललितपुरको गोदावरी नगरपालिकाका पीडित परिवारहरूलाई राहत प्याकेज वितरण गरेर सहयोग गरेको छ।

एनसेल फाउन्डेसनले असोज २१ (सोमबार) गोदावरी नगरपालिकाका बाढीपहिरोले धेरै क्षति पुर्‍याएका पाँच वटा वडाहरू (वडा नं. ४, ७, ८, १० र १३)का करिब २०० परिवारलाई आवश्यक राहत सामग्री वितरण गरेको छ।

"संकटको समयमा हामीले समुदायलाई साथ दिनु हाम्रो कर्तव्य हो।

हामी सबै एक ठूलो परिवारको रूपमा कनेक्टेड छौं," एनसेलकी कर्पोरेट कम्यूनिकेसन्स एण्ड सीएसआर हेड, विशाखा लक्ष्मी खड्काले भनिन्।

गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले भने, "विपद्को यो कठिन घडीमा एनसेल फाउन्डेसनबाट हाम्रो नगरपालिकाका विभिन्न वडाका पीडिहहरुलाई आएको यो राहत एकदमै ठूलो सहयोग हो।

यसका लागि एनसेलप्रति हामी आभारी छौं। अब हामीले पुर्नःस्थापनामा काम गर्नुपर्ने छ।"




राहत सामग्रीमा खाद्यान्न, भान्सामा प्रयोग हुने भाडाकुडाहरु, हाईजिन किट, ब्याल्ङ्केट र म्याटलगायतका सामानहरु रहेका छन्, जसले प्रभावित परिवारहरूको अत्यावश्यक आवश्यकतालाई सम्बोधन गर्ने विश्वास लिईएको छ।

गोदावरी नगरपालिका र कर्मयोग फाउन्डेसनसँगको सहकार्यमा एनसेलका कर्मचारीहरूले प्रभावित वडाहरुमा पुगेर पीडित परिवारका उपस्थित सदस्यहरुलाई राहत सामग्री हस्तान्तरण गरेका थिए।

खड्काले राहत सहयोगको बारेमा थप प्रकाश पार्दै भनिन्, "एनसेल फाउन्डेसनले विभिन्न सामाजिक कार्यहरु गर्दै ग्रासरुट लेभलमा आवश्यक सहयोग पुर्‍याउँदै आएको छ र भविष्यमा पनि आपत विपद्मा सहयोग पुर्‍याउन तत्पर छौं।

सरकारका सम्बन्धित निकाय र साझेदारहरूसँग सहकार्य गर्दै हामी राहत वितरणका साथै विपद् प्रतिकार्यमा अन्य के गर्न सकिन्छ भनेर काम गरिरहेका छौं।" एनसेल फाउन्डेसन, कर्मयोग फाउन्डेसन र गोदावरी नगरपालिकाबीचको यो साझेदारीले यस चुनौतीपूर्ण समयमा बाढीपहिरो पीडितहरुका लागि ठूलो सहयोग सावित भएको छ। स्थानीय निकायले यो सहकार्यले पीडित परिवारहरूलाई ठूलो महत्व राखेको हुनाले प्रशंसा गरेका छन्।

एनसेल फाउन्डेसनको यस पहलले संकटको समयमा सहानुभूति र एकताको महत्वलाई पुनः पुष्टि गरेको छ र एनसेल फाउन्डेसनको सामाजिक उत्तरदायित्वप्रतिको दृढ प्रतिबद्धतालाई थप स्पष्ट पारेको छ। एनसेल फाउन्डेसनले परिस्थितिको मुल्याङ्कन गरेर सम्बन्धित निकाय र साझेदारसँगको सहकार्यमा पीडित परिवारहरूको पुर्नस्थापनामा पनि सहयोग पुर्‍याउन प्रतिबद्ध रहेको जनाएको छ।

# खाद्य कम्पनीमा सस्तो र स्वस्थ खसीबोका तथा उपभोग्य सामग्री पाउँदा उपभोक्ता मख्ख

काठमाण्डु । खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत यस वर्ष बिक्री वितरण भइरहेका खसीबोका र च्याङ्ग्रा उपभोक्ताको रोजाइमा परेका छन् । निजी क्षेत्रभन्दा सस्तो मूल्यमा स्वस्थ खसीबोका तथा च्याङ्ग्रा खरिद गर्न पाउँदा उपभोक्तासमेत मख्ख देखिन्छन्।



कम्पनीको थापाथलीस्थित बागमती प्रादेशिक कार्यालयमा खसी किनेर डोहोर्‍याइरहनुभएकी घट्टेकुलो निवासी बिनु भुर्तेलले अघिल्लो वर्षको तुलनामा यस वर्ष सस्तो र राम्रो खसी भेटिएको प्रतिक्रिया दिनुभयो । कम्पनीले यस वर्ष जीउँदो खसीबोकाको मूल्य प्रतिकिलो रु छ सय ७० तथा च्याङ्ग्राको मूल्य प्रतिकिलो एक हजार दुई सय ३० कायम तोकेको छ । उपभोक्तालाई सो मूल्यमा प्रतिकिलो रु १० छुट दिइएको कम्पनीका सहायक विभागीय प्रबन्धक ज्ञानु थापा बताउनुहुन्छ।

यस वर्षको दसैँलाई लक्षित गरेर विभिन्न स्थानबाट एक हजार चार सय खसीबोका तथा तीन सय वटा च्याङ्ग्रा भित्र्याउनेक्रम जारी छ। नवलपुरबाट विभिन्न सहकारीमार्फत पाँच सय, हेटौँडाबाट पाँच सय र दाङबाट चार सय खसीबोका तथा मुस्ताङबाट च्याङ्ग्रा खरिद गरिएको हो। हालसम्म छ सय ९३ खसीबोका तथा च्याङ्ग्रा बिक्री भइसकेका छन्। कम्पनीले यही असोज १९ गते चार सय खसीबोका तथा च्याङ्ग्रा काठमाडौँ भित्र्याएको थियो। असोज २० गतेदेखिथापाथलीस्थितकम्पनीको प्रादेशिक कार्यालयबाट खसीबोका बिक्री भइरहेको छ।

गत वर्षको तुलनामा यस वर्ष खसीबोकामा प्रतिकिलो रु १० तथा च्याङ्ग्रामा प्रतिकिलो रु ३० कम मूल्य निर्धारण गरिएको छ। कम्पनीले भित्र्याएको खसीबोका तथा च्याङ्ग्राको मूल्य सस्तो तथा स्वस्थ्य भएका कारण पनि उपभोक्ताले रुचाएको सहायक विभागीय प्रबन्धक थापाले बताउनुभयो। "धेरै सङ्ख्यामा रहेका खसीबोका तथा च्याङ्ग्रा छानिछानी खरिद गर्नसक्ने भएका कारण पनि उपभोक्ताको आकर्षण बढेको हो", उहाँले भन्नुभयो, "उपभोक्ताले खुसीका साथ रोजीरोजी खसीबोका खरिद गरिरहनुभएको छ।"

बजार मूल्यलाई हस्तक्षेप गर्न पनि खसीबोका तथा च्याङ्ग्रा बिक्रीलाई कम्पनीले निरन्तरता दिइएको उहाँको भनाइ छ। कम्पनीले निर्धारण गरेको बिक्री मूल्यलाई आधार मानेर निजी क्षेत्रका व्यवसायीले पनि मूल्य तोक्ने हुँदा बजारमा मूल्य नियन्त्रण गर्न सघाउ पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

कम्पनीले नेपालीहरूको प्रमुख चाड दसैं, तिहार, छठलगायत पर्वलाई लक्षित गरेर सहुलियत मूल्यको पसल सञ्चालनमा ल्याएको छ। चाडपर्वमा खाद्यान्नको मूल्य अस्वाभाविक रूपमा वृद्धि हुने, कृत्रिम अभाव तथा कालोबजारी बढ्ने अवस्थालाई ध्यानमा राखेर सहुलियत मूल्य पसल सञ्चालन गरिएको सहायक विभागीय प्रबन्धक थापाको भनाइ छ। "सहुलियत पसलमा विगतदेखि नै उपभोक्ताको निकै आकर्षण देखिँदै आएको छ", उहाँले भन्नुभयो। यस वर्ष पनि ४२ जिल्लाका ६३ स्थानमा सहुलियत पसल सञ्चालनमा आएको छ। बागमती प्रदेशमा छ वटा 'आउटलेट'बाट उपभोक्ताले सहुलियत मूल्यमा खाद्यान्न खरिद गर्नसक्ने कम्पनीले जनाएको छ।

कम्पनीले सूचना प्रविधिको उपयोग गर्दै अनलाइनबाट खाद्यान्नको अर्डर लिएर उपभोक्ताको भान्छासम्म पुर्‍याउँदै आएको छ। सहुलियत पसलमार्फत चामल तथा दालमा प्रतिकिलो रु पाँच र खाने तेलमा प्रतिलिटर रु सात छुट दिइको छ। कम्पनीले सुपथ मूल्य पसलमार्फत चामल, दाल, गेडागुडी, तेल, नुन, चिनी, ग्यास तथा दुग्धजन्य पदार्थलगायत ३० प्रकारका उपभोग्य वस्तु बिक्री भइरहेको जनाएको छ।

यसरी बिक्री गर्ने उपभोग्य वस्तुको गुणस्तरमा प्रश्न नउठ्ने गरी व्यवस्थापन गरिएको जनाउनुहुँदै सहायक विभागीय प्रबन्धक थापा खाद्यान्न प्रशोधनका विभिन्न चरणमा प्राविधिक परीक्षण अनिवार्य गरिएको बताउनुहुन्छ। "कम्पनीका फुड टेक्नोलोजिस्टले खाद्यान्नको नमुना लिएर मापदण्ड पुगेको/नपुगेको जाँच गर्नुहुन्छ, निर्धारित मापदण्ड पुगेका खाद्यान्न मात्रै कम्पनीले खरिद गर्छ", उहाँले भन्नुभयो, "गुणस्तरमा प्रश्न नआउने गरी व्यवस्था गरेका छौं, उपभोक्ता ढुक्क हुनुभए हुन्छ।"रासस

# सीजी मोटर्सद्वारा हिरो मोटरसाइकलको नयाँ एक्सपल्स प्रो - रैली संस्करण सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि हिरो मोटरसाइकलको एकल आधिकारिक विक्रेता सीजी मोटर्सले नयाँ एक्सपल्स प्रो - रैली संस्करण नेपाली बजारमा सार्वजनिक गरेको छ। शहर तथा अफ-रोड दुबै क्षेत्रमा उत्कृष्ट सवारी अनुभव दिन सफल एक्सपल्स ग्राहकहरूको पहिलो रोजाइको बाइक बन्दै गइरहेको कम्पनीको दावी छ। साथै, ग्राहकलाई थप आत्मविश्वास दिलाउन र बाइकसँगको सम्बन्ध अझ प्रगाढ बनाउने सोचका साथ सीजी मोटर्सले एक्सओएक्स (एक्सपल्स ओनर एक्सपेरियन्स) राइड्सको पनि आयोजना गर्दै आइरहेको छ।

एक्सपल्स प्रोले आफ्ना सवारहरूलाई उच्चस्तरीय सस्पेन्सन प्रणाली प्रदानगर्दै कुनै पनि भू-भागमा सहज र आत्मविश्वासका साथ सवारी गर्ने अवसर प्रदान गर्छ। यसमा डुअल-पर्पस टायरहरू उपलब्ध गरिएका छन्। यी टायरको सहायताबाट नयाँ मोटरसाइकलले शहरी क्षेत्रका साथै अफ-रोड क्षेत्रमा समेत पूर्ण ग्रिप प्रदान गर्ने क्षमता राख्छ।

हालै सार्वजनिक एक्सपल्स प्रो संस्करण एक्सपल्स २०० फोरभीको अपडेटेड संस्करण हो।सार्वजनिक नयाँ मोटरसाइकलमा ८३१ एमएमको अग्लो सिट उचाइका साथै ह्यान्डल बार उठाउने सुविधा समेत उपलब्ध छ। २५० एमएमको पूर्ण रूपमा एडजस्ट गर्न मिल्ने अगाडिको सस्पेन्सन सहितको यो बाइकमा लामो साइड स्ट्यान्ड र लामो गियर लिभर पनि उपलब्ध गरिएको छ। २७० एमएमको उच्च ग्राउन्ड क्लियरेन्स सहितको एक्सपल्स प्रो मा १९९.६ सीसी क्षमताको इन्जिन दिइएको छ। यसले १८.९ एचपी अधिकतम पावरमा ८५०० आरपीएम र १७.३५ एनएम टर्क मा ६५०० आरपीएम उत्पादन गर्ने क्षमता राख्छ। यसमा ५ स्पीड गियरबक्स उपलब्ध गरिएको छ भने, १६१ किलोग्राम वजन, र १३ लिटर इन्धन क्षमता रहेको छ।

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई र्‍याडिसन होटेलमा २०% सम्मको छुट

**टुडे समाचारदाता**

काठमाण्डु। सिद्धार्थ बैंक र र्‍याडिसन होटेल (लाजिम्पाट, काठमाडौं) बीच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदानगर्ने सम्बन्धी सम्झौता भएको छ।

सम्झौता अनुसार बैंकका ग्राहकहरुले लाजिम्पाट स्थित कारोबारमा जानपनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा विभिन्न माध्यमबाट सम्पर्क गर्न सकिने जनाइएको छ।

बैंकले डिजिटल भुक्तानीको



र्‍याडिसन होटेलमा बैंकका विभिन्न कार्डबाट भुक्तानी गर्दा २०% सम्मको छुट प्राप्तगर्न सक्नुहुनेछ। यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा केहि समय अघि मात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवापनि सञ्चालनमा ल्याएको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २७ दमलव ३९ अङ्कले ओरालो लागेर दुई हजार छ सय ६३ दशमलव ३२ मा सीमित भएको छ।



ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ५५ अङ्कले ओरालो लागेर चार सय ८० दशमलव २३ मा सीमित भएको छ। कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। कूल एक करोड तीन लाख ३० हजार पाँच सय दुई कित्ता शेयर रु चार अर्ब ५९ करोड ३७ लाख २७ हजार दुई सय ४४ मूल्यमा खरिद-बिक्री भएको छ।

नेप्सेका अनुसार, मिड सोलु हाइड्रोपावर १०, बुटवल पावर कम्पनी छ दशमलव ८३, माण्डु हाइड्रोपावर छ दशमलव ३१, प्रभु स्मार्ट फन्ड पाँच दशमलव ९६ र थ्री स्टार हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ४४ प्रतिशतले कमाएका छन्।इस्टर्न हाइड्रोपावर आठ दशमलव ५०, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव २४, नेपाल फाइनान्स छ दशमलव ९८, बोटलर्स नेपाल तराई पाँच दशमलव ८८ र कालीञ्चोक दर्शनका लगानीकर्ताले पाँच दशमलव ५० प्रतिशतले गुमाएका छन्।रासस

# तनहुँ जलविद्युत् आयोजना प्रभावित क्षेत्रमा सहयोग

दमौली। तनहुँमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामार्फत जिल्लामा ६१ योजना सम्पन्न भएका छन्। आयोजनाको सामुदायिक विकास तथा जीविकोपार्जन पुनःस्थापना कार्यक्रममार्फत प्रभावित क्षेत्रमा ती योजना सम्पन्न भएका हुन्।




जलविद्युत् आयोजनाको प्रवर्द्धक तनहुँ हाइड्रोपावर लिमिटेडले उपभोक्ता समितिमार्फत सामुदायिक विकास तथा जीविकोपार्जन पुनःस्थापन कार्यक्रम सञ्चालन गरेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आयोजना प्रभावित क्षेत्रमा विभिन्न विकास योजनाका लागि सहयोग गरिएको छ। यसअनुसार खानेपानी, सडक, विद्यालय भवन, खेलमैदानलगायत काम गरिएका छन्।"

उहाँका अनुसार हाल नौवटा योजना सञ्चालनमा छन्। उहाँका अनुसार म्याग्दे गाउँपालिका-१ स्थित विजय आधारभूत विद्यालयको खेलमैदान सुधार, भिमाद नगरपालिका-५ स्थित दीपक माध्यमिक विद्यालय भवन निर्माण, व्यास नगरपालिका-५ पाटनस्थित पराशर आधारभूत विद्यालय भवन निर्माण, ऋषिङ गाउँपालिका-१ झापुटारस्थित सभाहल निर्माण, सोही वडाको होक्सेटारस्थित सेती नदी बायाँ किनार संरक्षण कार्य, बाँधतर्फबाट लोक्मा जाने पैदलमार्ग निर्माण, बन्दीपुर गाउँपालिका-६ स्थित भुतखोला साराङघाट सडकखण्ड ग्याविन निर्माण, ऋषिङ गाउँपालिका-१ धोवलास्थित धोवला सडक कल्भर्ट संरक्षण र ग्याजाटारस्थित ग्याजा महिला समूह भवन सहयोग कार्यक्रम जारी छन्।

आयोजना प्रमुख भण्डारीले भन्नुभयो, "आयोजना निर्माणका लागि समुदायको महत्त्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिएका छौं। समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौं, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ।" आयोजनाको समग्र निर्माण २०८३ असारभित्र (सन् २०२६ मे) सक्ने लक्ष्य राखिएको छ। प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सनले गरिरहेको छ।

आयोजनाको सुरुङ, विद्युतगृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को निर्माणकार्य सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ। प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेशनल लिमिटेड भारतले गरिरहेको छ।रासस


मधेश प्रदेश सरकार

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

## उद्योग विभाग

बीरगंज, पर्सा, नेपाल

## नि:शुल्क तालिम लिन इच्छुकहरूको लागि सुवर्ण अवसर

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२३**

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रममा सिप विकाश तालिम कार्यक्रम रहेको तथा उल्लेखित तालिम शिर्षक अन्तर्गत तपसिल बमोजिमका तालिम सञ्चालन गरिने भएकोले तालिम लिन ईच्छुक मधेश प्रदेशका (बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी) जिल्लाहरुमा बसोबास गर्ने निम्न अनुसारको योग्यता पुगेका नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित जिल्लाका घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभाग, पर्सामा सम्पर्क गरी अनुसूची ६ बमोजिमको आवेदन फाराम भर्नु हुन अनुरोध छ। तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुको संख्या अनुसार सम्बन्धित स्थानीय तह वा यस कार्यालयले तोकेको स्थानमा संचालन गरिनेछ।

**तालिमको लागि आवश्यक न्यूनतम योग्यता :**

१. नेपाली नागरिक हुनुपर्ने।
२. १६ वर्ष पुरा भई समान्यतया ५० वर्ष ननाघेको।
३. साधारण लेखपढ गर्न सक्ने।

| क्र.सं. | कार्यक्रम | समय अवधी | सहभागी सं. |
|---|---|---|---|
| १ | हाते कढाई तालिम | ३ महिना | १५ जना |
| २ | बेत बाँसको सामग्री बनाउने तालिम | १ महिना | १५ जना |
| ३ | ब्युटी पार्लर तालिम | ३ महिना | १५ जना |
| ४ | पल्मबिङ्ग तालिम | १ महिना | १५ जना |
| ५ | साबुन बनाउने तालिम | ७ दिन | १५ जना |
| ६ | बाँसको मुढा बनाउने तालिम | १९ दिन | १५ जना |
| ७ | सिलाई कटाई तालिम | ३ महिना | १५ जना |
| ८ | Basic कम्प्युटर तालिम | १ महिना | १५ जना |
| ९ | डल कुश बनाउने तालिम | १ महिना | १५ जना |
| १० | मोटरसाईकल बनाउने तालिम | ३ महिना | १५ जना |
| ११ | मोबाईल मर्मत तालिम | २ महिना | १५ जना |
| १२ | हाउस वायरिङ्ग तालिम | २ महिना | १५ जना |
| १३ | उल्फेलट तालिम | १ महिना | १५ जना |
| १४ | क्रिस्टलको गर गहना बनाउने सम्बन्धी तालिम | १५ दिन | १५ जना |

**नोट :**

- तालिममा सहभागी प्रशिक्षार्थीलाई खाजाको व्यवस्था गरिनेछ।
- छनौट सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ।
- थप जानकारीका लागि सम्पर्क नं. ९८६५४२८८५८, ९८५५०३००९८

# बाढीग्रस्त जिल्ला घोषणा गर्न एमाले र एसको माग

**टुडे समाचारदाता**

रौतहट । रौतहटलाई बाढी संकटग्रस्त जिल्ला घोषणा गर्न नेकपा एमाले र नेकपा एकीकृत समाजवादीले बेग्लाबेग्लै प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् ।




गत असोज १३ गतेको विनाशकारी बाढीको कारण हजारौँ विघा जग्गामा लगाइएको अन्नवाली, माछा पोखरी, पोल्ट्री फर्मसहितका बाटो घाटो भौतिक संरचना तहसनहस हुँदा एमाले र एसले रौतहट जिल्लालाई बाढीग्रस्त क्षेत्र घोषणा गराउनका लागि प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् ।

एमालेका केन्द्रीय सदस्य अजयकुमार गुप्ता, केन्द्रीय सदस्य एवं पूर्व साँसद रेखा झा, एमालेको लेखा आयोग सदस्य राजकिशोर यादवलगायतकाहरुले जिल्ला अध्यक्ष सचिदानन्द साहको नेतृत्वमा रहेको सो टोलीले प्रजिअ हिरालाल रेग्मीलाई ज्ञापन पत्र बुझाएका छन् ।

सो ज्ञापन पत्र बुझाउने टोलीमा रामकिशोर महतो, श्यामसुन्दर पटेल, राजेशकुमार सिंह, मिथिलेश कुमार झा, ओमप्रकाश मधेशिया, अबधेश यादव, नमोनारायण पटेल, भैरव पटेल, विरेन्द्र महतो, सतिशकुमार झा, लक्ष्मि महतो लगायतका नेता एवं कार्यकर्ताहरु प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउँदै किसानको धान, माछापोखरी, कृषि फर्म, व्यापार क्षेत्र लगायतका क्षेत्रहरु पुर्ण रुपमा धारासायी भएको प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउँदै जिल्लालाई बाढीबाट अति पीडित जिल्लाको सूचीमा घोषणा गरी राहतका प्याकेजहरु पठाउन माग गरेका छन् ।

त्यस्तै एकिकृत समाजवादीका जिल्ला अध्यक्ष कमल राय यादवको नेतृत्वमा गौर नगरप्रमुख शम्भु साह, राजदेवी नगरप्रमुख भिखारी राय यादव, बौधीमाई नगरप्रमुख प्रदीप यादव, प्रदेश साँसद कनिष्ट पटेल, महिला नेतृ सरला यादव, रेबन्त झा, अनिललाल दाससहितका नेता तथा कार्यकर्ताहरुले हालै गएको विनाशकारी बाढीबाट रौतहट जिल्लाका अधिकांश पालिकाहरुमा धान बाली, माछा व्यवसाय, तरकारी बाली, उद्योगी व्यवसायीको निकै क्षति भएपनि रौतहटलाई बाढीग्रस्त जिल्ला घोषणा नगरेकोमा तिव्र रुपमा आपत्ती जनाउदै अविलम्ब यो जिल्लालाई संकट क्षेत्रको रुपमा घोषणा गरेर किसानहरुलाई राहत दिनुपर्ने भन्दै मंगलवार प्रजिअ हिरालाल रेग्मी मार्फत ज्ञापन पत्र बुझाएका छन् ।

सो ज्ञापनपत्र बुझाउँदै जिल्ला अध्यक्ष यादवले राज्य गम्भीर नभए दशैंको विदा सकिएपछि चरणबद्ध आन्दोलनको घोषणा गर्ने चेतावनी दिए ।

# बाढी डुबानले सिँचाइ तथा तटबन्धतर्फ ७५ करोडको क्षति



**टुडे समाचारदाता**

जनकपुरधाम । केही साता अघि वर्षाले गर्दा आएको बाढीपहिरो तथा डुबानका कारणले मधेश प्रदेशमा सिँचाइ तथा तटबन्धतर्फ करोडौंको क्षति भएको छ ।

मधेश प्रदेशको विभिन्न जिल्लामा आएको बाढीले सिँचाइ, खानेपानी एवं तटबन्धतर्फ ७४ करोड रुपैयाँ बढीको क्षति भएको छ ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले जनाए अनुसार प्रदेशका ८ वटा जिल्लामा ७४ करोड ९५ लाखको क्षति भएको जनाएको छ । विभिन्न जिल्लामा रहेको जिल्ला विपत व्यवस्थापन समितिले उपलब्ध गराएको तथ्यांक अनुसार सबैभन्दा बढी क्षति रौतहट जिल्लामा क्षति भएको छ ।

रौतहटको बागमती, लालबकैया, झाझ, लमहा र गुजरा खोलामा आएको बाढीले १९ करोड ५० लाख रुपैयाँको सिँचाइ तथा नदी कटान सहितको क्षेत्रमा क्षति भएको जनाइएको छ । यसका साथै दोस्रो बढी क्षति सप्तरी जिल्लामा भएको छ ।

सप्तरीको बलान, त्रियुगा, महुली सहितका नदिमा आएको बाढीले १२ करोड ८० लाख रुपैयाँको क्षति भएको छ । सर्लाही जिल्लामा बागमती, लखनेही सहितका आधा दर्जन नदिमा आएको बाढीले ९ करोड २५ लाख रुपैयाँको क्षति भएको छ ।

त्यस्तै तटबन्ध तथा नहरको अवस्थाबारे ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवको नेतृत्वमा मन्त्रालयका प्राविधिक सहितका उच्च अधिकारीहरुले स्थलगत रुपमा अनुगमन गरेर क्षतिको बारेमा जानकारी लिएका छन् ।

सो क्षति भएको संरचनाहरूको तत्काल मरम्मतका लागि प्रदेश सरकारले ८ करोड रुपैयाँ निकासा गरेको छ । सोको थप कामका लागि संघीय सरकारसंग समन्वय गर्ने काम भइरहेको सिँचाइ मन्त्री यादवले बताए ।

# औपचारिकतामा बजार अनुगमन सीमित

**टुडे समाचारदाता**

लहान । चाडपर्व नजिकिएसँगै लहान बजारमा अनुगमनको औपचारिकता मात्र पूरा गर्न गरिएको कार्यले उपभोक्ता र व्यापारीहरू दुवै प्रभावित भएको छ ।

सिरहाको लहानमा भएको बजार अनुगमनलाई ग्राहक वर्गले वर्गले आरोप लगाएका छन् ।

स्थानीय बजारमा अत्यधिक मूल्यवृद्धि, गुणस्तरहीन सामग्रीको विगविगी र म्याद गुज्रेको वस्तुहरूको विक्री भइरहे पनि अनुगमनकर्ताले भने बेवास्ता गरेको जनगुनासो छ ।

लहानका किराना व्यापारी भुनेश्वर साहले आफूले



भत्ता पचाउन गरिएको नाटकको संज्ञा दिँदै आलोचना गरेका छन् ।

अनुगमनकर्ताहरू र व्यवसायीहरूबीचको मिलेमतोमा अनुगमनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ ।

चाडपर्व लक्षित गरिएको बजार अनुगमनको नाममा उपस्थिति देखाइए पनि कुनै ठोस नतिजा भने नआएको ग्राहक राज्यलाई कर तिरेर पसल संचालन गरेको र आफूले कुनै पनि कमसल सामग्री विक्री वितरण नगरेको दाबी गरे ।

अनुगमन टोलीले उपभोक्ताको सुरक्षा र व्यवसाय सुधारभन्दा आफ्नो स्वार्थपूर्तिमा व्यस्त देखिएको स्थानीय ओमप्रकश साहले आरोप लगाए ।

# चार क्वीन्टल गाँजा, ट्यांकरसहित २ जना पक्राउ



**टुडे समचारदाता**

हेटौँडा । चार क्वीन्टल लागूऔषध गाँजा र ट्यांकरसहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ ।

हेटौँडामा मंगलबार प्रहरी चौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले ३९२ किलो लागूऔषध गाँजासहित उनीहरुलाई नियन्त्रण लिएको जनाएको छ ।

प्रहरीले हेटौँडा-१५ रातोमाटे चेकपोष्टस्थित पूर्व-पश्चिम लोकमार्ग सडकबाट विशेष सुचनाको आधारमा पालुङबाट वीरगञ्चतर्फ जाँदै गरेको ना. ७ ख १७७१ को ट्याङकरमा चेकजाँच गर्ने क्रममा मकवानपुरको मनहरी-९ ज्यामिरेका ट्याङकर चालक २६ वर्ष रोशन पुरी र सहचालक २२ वर्षका धनबहादुर मल्ललाई गाँजासहित पक्राउ गरेको छ ।

प्रहरीले ट्याङकरको पाँचवटा डिब्बाहरुमध्ये ३ नम्बरको डिब्बाभित्र २५ वटा पोका रातो प्लाष्टिकले बेरेको अवस्थामा लुकाएर राखेको लागू औषध गाँजा फेला परेको जनाइएको छ । मकवानपुर प्रहरीले यस विषयमा थप अनुसन्धान भइरहेको जनाएको छ ।

# गण्डक नहरमा क्षति

**टुडे समाचारदाता**

वीरगञ्ज । डेढ साताअघि आएको वर्षा र बाढीले गण्डक नहरमा १० करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ । पर्सा, बारा र रौतहट गरी ३ वटा जिल्लामा विभिन्न स्थानमा गरी



नहरका संरचनामा ठूलो क्षति पुगेको छ ।

नारायणी सिँचाइ व्यवस्थापन डिभिजन कार्यालय वीरगञ्जका सूचना अधिकृत सुरेशप्रसाद साहले जनाए अनुसार सबैभन्दा बढी पर्सा जिल्लामा नहर र यसका संरचनामा क्षति पुगेको छ । पर्सामा गण्डक नहरको व्याकअपको रुपमा रहेको तिलाबे व्यारेजको संरचना क्षतिग्रस्त भएको जनाएको छ । यसका साथै सो व्यारेजसँगै रहेको पुल पनि क्षतिग्रस्त भएको छ । पर्सामा मात्रै करिब ५ करोड रुपैयाँ बराबरको क्षति भएको छ ।

बारामा फेटा गाउँपालिकामा नहरको करिब साढे ३ सय मिटर लम्बाई डिल भास्सिएर नहर पुरिँदा करिब २ करोड बराबरको क्षति भएको छ ।

त्यस्तै बाराको कलैया उपमहानगरपालिका-२२ स्थित बसतपुरमा पनि करिब १५ मिटर नहरको डिल भास्सिएर करिब ७५ लाख बराबरको क्षति भएको छ । बाराकै आदर्श कोतवाल गाउँपालिकामा नहरमा पानीको तीब्र प्रवाहले नहर गेट भत्किएको छ । बाराकै सिम्रौनगढ नगरपालिकाको गंगानगरमा करिब १५ मिटर नहरको उत्तरी डिल भास्सिएको छ ।

रौतहटको राजपुर गाउँपालिकाको कोपुवामा करिब ७५ मिटर लामो नहरको पक्की एप्रोच सडक बगेर नहरमा करिब ४० फिट खाल्डो भएको छ । 'समग्रमा तीन वटै जिल्लामा गरी झण्डै १० करोड बराबरको क्षति भएको छ,' उनले भने, ' भत्किएका संरचना तत्कालै मर्मत सम्भार गर्न कार्यालयसग आफ्नो बजेट छैन । संघीय जलस्रोत तथा सिँचाइ विभागले बजेटको व्यवस्थापन गर्नु पर्ने अवस्था छ ।'

आउँदो गहुँ बाली सिजनमा नहरमा पानी प्रवाह गर्न हाल भत्किएका नहरका मुख्य र सहायक संरचनाहरुको मर्मत सम्भार तथा व्यवस्थापन नगरी सम्भव नरहेको साह बताउँछन् ।

# बलि चढाउने नाममा बोकाको मनोमानी मूल्य



**टुडे समाचारदाता**

लहान । बडादशैंमा देवी दुर्गा मातालाई बोकाको बली चढाउनका लागि भक्तजनहरूसंग मनोमानी मूल्यमा बोका खरिद गर्नुपर्ने बाध्यता रहेको गुनासो गरेका छन् ।

सिरहाको लहानमा शुक्रबार र सोमबार लाग्ने हाट बजारमा यस वर्ष पनि मनोमानी मूल्य तिर्नुपरेको लहान-१ को गंगा प्रसाद यादवले गुनासो गरे । उनले सोमबार अन्तिम हटिया परेकोले पाँच हजार मूल्य हुनुपर्ने बोका सात हजारमा, सात हजार पर्ने दस हजारमा र दस हजार रुपैयाँ मूल्य हुनुपर्ने बोकाको मूल्य १५ हजार रुपैयाँमा खरिद गर्नु परेको बताए । यसरी ठगिनुको कारण बोकाको मूल्य निर्धारण नहुँदा उनले बताए ।

लहानमा खसी बोका विक्री हुने बाख्रा बजारमा कहिले पनि मूल्य सूची नहुँदा मनोमानी रुपमा असुली गर्दै आइरहेको छ । सोमबार खसीबोकाको मूल्य मनोमानी भएको बताउँदै खरिद विक्री गर्दा दुई सयको रसिद दिएर २ सय ५० रुपैयाँको दरले लिने अर्को समस्या रहेको बताए ।

लहान नगरपालिकाले खसीबोका खरिद विक्री हुने बाख्रा बजारको व्यवस्थापनमा लहान नगरपालिका पशु शाखाका प्रमुख रहँदा कयौं पटक मूल्य निर्धारणको र पशु वधशालाको उचित व्यवस्थापनको लागि अथक प्रयास गरेपनि सफल हुन नसककेको पशु शाखाका पूर्व प्रमुख रामकृष्ण यादवले भन्दै मूल्य निर्धारण नहुँदा अरू समयभनदा दसैँको बेला उपभोक्ता भजजनहरु ठगिँदै आइरहेको छ । उनले भने, 'बजार समिति पशुशाखा र सम्बनिधत वडा मिलेर मूल्य निर्धारणको आधार कति तौलको खसी बोका हो तौलेर निर्धारण गर्नुपर्छ ।'

मूल्य निर्धारण नहुनु रसिद काटेको भन्दा बढी रकम खुललेआम लिइरहँदा लहान नगरपालिकाले केही नगर्नुमा नगरपालिका चुनाव जितेका सत्ताधारी दलले आफ्नो नजिकको नेता कार्यकर्ताहरूलाई सहुलियत दिनका लागि मनोमानी हुँदै आएको लहान-९ का पूर्व वडाध्यक्ष प्रदीप कुमार चौधरीले प्रस्ट्याए ।

लहान नगरपालिका क्षेत्रभित्र होटेल र विभिन्न सप्लायर्सहरुमा छापा मार्ने अनुगमन समितिले खसीबोका विक्री हुने बाख्रा बजारमा कुनै अनुगमन किन नगरेको भन्ने अह्म प्रश्न उठिरहेको लहान-५ का पूर्व वडाअध्यक्ष सुलेमान अनसारीले बताए ।

# प्रहरीद्वारा विद्यार्थीलाई प्रशिक्षण

**टुडे समाचारदाता**

राजविराज । बढ्दो लागूऔषधको प्रयोग तथा कुलतमा फसेका युवाहरुलाई जोगाउने उद्देश्यले स्थानीय प्रहरीले विद्यालयहरुमा लागूऔषधको प्रकार, प्रभाव, कानुनी व्यवस्था र लागूऔषध प्रयोगबाट बच्ने उपायबारे प्रशिक्षण कार्यक्रम संचालन गरेको छ ।

यसैक्रममा मंगलबार राजविराजस्थित ह्यापील्याण्ड बोर्डिङ स्कुलमा कक्षा संचालन गरि विद्यार्थीहरुलाई प्रशिक्षण प्रदान पनि गरिएको छ ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयको संयुक्त



आयोजनामा उक्त प्रशिक्षण कार्यक्रम गरिएको छ । कक्षा ९ र १० का विद्यार्थीहरुलाई सहभागि गराई गरिएको प्रशिक्षण कार्यक्रममा प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले लागु औषधको परिचय, प्रकार, लक्षण, यसबाट बच्ने उापय र लागु औषधी सम्बन्धी कानुनी व्यवस्था बारे प्रशिक्षण दिएका थिए ।

सो अवसरमा उनले पछिल्लो समय यूवाहरुमा बढ्दो लागु औषध सेवनले आपराधिक घटना बढ्दै गएको भन्दै उनीहरुलाई सचेत गराउने र यस्ता कुलतबाट जोगाउन विद्यालयहरुमा प्रशिक्षण कार्यक्रम थालिएको बताए ।

सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातिले विद्यार्थीहरु मार्फत समाजमा लैजाँदा घरपरिवार र समाजमा सन्देश सहज रुपमा पुग्ने भन्दै सहभागी विद्यार्थीहरुलाई लागूऔषध प्रयोग नगर्न र यसबाट हुने हानी नोक्सानीबारे अरुलाई पनि जानकारी गराइ समयमै सचेत गराउनुपर्नेमा जोड दिए ।

# पेट्रोल पम्पका साहुले कुटपिट गरेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमान चारनाथ नगरपालिकास्थित पेट्रोल पम्पमा साहुले एक कामदारलाई कुटपिट गरेको आरोप लगाएका छन् ।

जिल्लाको गणेशमान चारनाथ नगरपालिकास्थित धनुषा आयल स्टोरमा कार्यरत कार्पेन्टर शेषसफरे आलमले आफूले गरेको कामको वापत रकम माग्दा साहु विजयकुमार साहले कुटपिट गरेको आरोप लगाएका छन् ।

तर साहु विजयकुमार साहले रक्सी सेवन गरी आएका आलमले आफूलाई तथानाम गालीगलौज गर्दै दुर्व्यवहार गरेपछि आफूले प्रतिकार गरेको बताउँदै सो क्रममा आफूले प्रहरीमा पनि भनेपछि पक्राउ गरी लगेको




बताए । उनले सबैभन्दा पहिला आफूलाई उनैले दुर्व्यवहार गरेपछि सो घटना भएको बताए ।

यता आलमले भने आफूले काम गरेको वापत पाउनुपर्ने ११ लाख रुपैयाँमध्ये सात लाख ९० हजार रुपैयाँ दिन आनाकानी गरिरहेको आरोप लगाउँदै सो रकम माग गर्दा आफूलाई इलाका प्रहरी कार्यालय भरतपुरमा हिरासतमा बस्नु परेको बताए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८